
# खोकना दूरदृष्टि पुस्तिका

## "वैभवशाली नेवा साँस्कृतिक पहिचान सहित समुन्नत र समतामुलक खोकना"

**ललितपुर महानगरपालिका**

**वडा नं. २१, खोकना, ललितपुर**

**२०७९**



# खोकना दूरदृष्टि पुस्तिका

## “ वैभवशाली नेवा साँस्कृतिक पहिचान सहित समुन्नत र समतामुलक खोकना ”

**ललितपुर महानगरपालिका**
**वडा नं. २१, खोकना**

**२०७९**

### प्राविधिक तथा आर्थिक सहयोग

साउथएशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडिज (SIAS)
भोलिका सहरहरू (Tomorrow’s Cities)
यू.के. रिसर्च एण्ड इनोभेसन (UKRI)
ग्लोबल च्यालेन्ज रिसर्च फण्ड (GCRF)

**लेखन तथा सम्पादन**

डिल्ली प्रसाद पौडेल
मणिराम बन्जाडे
रोजनी मानन्धर
बिनोद अधिकारी
नेत्र प्रसाद तिम्सिना

**डिजाइन**
प्रदिप ढकाल

**फोटो**
सियास

**भाषा शुद्धीकरण**
श्यामप्रसाद भट्टराई

**प्रकाशक**
ललितपुर महानगरपालिका वडा नं. २१, खोकना, ललितपुर

**प्रकाशन मिति**
फागुन, २०७९ (मार्च, २०२३)

फोन नं. ०१-५५१०९५६

# ललितपुर महानगरपालिका

यल महानगरपालिका

२१ नं. वडा कार्यालय, खोकना, ललितपुर

बागमती प्रदेश, नेपाल

चलानी. नं.: ८०१

पत्र संख्याः ०७९/८०

मिति :२०७९।१०।०९

## दुई शब्द

भोलिको खोकना जोखिम संवेदनशिल, वातावरण मैत्री एवं व्यवस्थित बनाउनको लागि कस्तो योजना आवश्यक छ ? समुदायका चाहनाहरू के के छन् ? त्यसका लागि कस्तो सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनहरू तथा विकास निर्माणका कार्यहरू आवश्यक छन् ? भन्ने बारे समुदायसँग वृहत् एवं गहन छलफल गरी यस खोकना दूरदृष्टि पुस्तिका मार्फत समुदायका चाहना तथा आकांक्षाहरूलाई संग्रहित गरिदिनु भएकोमा समुदायको तर्फबाट 'साउथएशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडिज (सियास)' तथा यस कार्यमा संलग्न अनुसन्धानकर्ताहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु ।

यस खोकनामा मौलिक स्वरूपमा निर्माण गरिएको ऐतिहासिक बस्तीको छुट्टै सांस्कृतिक पहिचान छ । तर समयसँगै नयाँ भौतिक संरचनाहरू थपिने क्रम जारी छ । विशेष गरि तिव्र गतिमा बढेका व्यावसायीकरण, योजना विहीन बस्ती विस्तार र बढ्दो भौतिक विकास निर्माणका कार्यले गर्दा खोकनाको संस्कृतिक, पुरातात्त्विक एवं वातावरणीय पक्षमा समेत जोखिम बढेको छ । यिनै पक्षलाई मध्यनजर गर्दै प्राकृतिक एवं मानवीय प्रकोपहरू र सम्भावित जोखिम न्यूनिकरण गर्न आवश्यक योजना र पूर्वाधार कसरी निर्माण गर्न सकिन्छ भन्ने बारे भएका छलफलहरू र यसबाट प्राप्त समुदायका विचारहरूलाई यस खोकना दूरदृष्टि पुस्तिकाले समेटेको छ । नयाँ बन्ने वस्तीहरूमा परम्परागत एवं मौलिक शैलीलाई प्रर्वद्धन गर्नुपर्ने समुदायको चाहनालाई समेत यस पुस्तिकाले समेटेको हुनाले भोलिको खोकना निर्माणमा यसले स्पष्ट मार्ग दर्शन प्रदान गर्दछ भन्ने कुराको विश्वास रहेको छ ।

भोलिको शहरी योजना निर्माण गर्दा विकासबाट हुने विस्थापन र असरलाई मध्यनजर गर्न आवश्यक छ । किनकि आज सम्मको अनुभवले समुदायलाई सहभागी नगराइ जथाभावी गरिएका विकास निर्माण कार्यले सामाजिक र सांस्कृतिक पक्षलाई क्षति पुऱ्याउँछ भन्ने पाठ सिकाएको छ भने बिकासमा जनताको सहभागीता आवश्यक छ भन्ने कुरा पनि पुष्टी भएको छ । यि र यस्ता कुराहरूलाई समेट्ने गरि "भोलिका सहरहरू" नामक परियोजना मार्फत ललितपुर महानगरपालिका वडा नं. २१ खोकनामा सियासको सहकार्यमा सञ्चालन भएको यस अनुसन्धानमूलक कार्यले भौतिक पक्षलाई मात्र होइन, स्थानीयका सामाजिक र सांस्कृतिक विषयलाई पनि गहन अध्ययन गरी भोलिको सहर निर्माण प्रकृयामा समावेश गराउनुपर्छ भन्ने कुरामा जोड दिएको यस पुस्तिकाले भोलिको समतामूलक तथा जोखिम संवेदनशिल सहर निर्माणमा योगदान पुर्याउन सक्छ भन्ने कुरामा विश्वास लिएको छु । र यस परियोजना मार्फत संकलित सल्लाह सुझावलाई आगामी दिनहरूमा वडा तहबाट हुने विकास निर्माणका कार्यमा पनि समावेश गर्दै लैजाने प्रतिबद्धता पनि जाहेर गर्दछु ।

रबिन्द्र महर्जन

वडा अध्यक्ष

# विषयसूची


**परिचय**......१

खोकना: ऐतिहासिक तर जोखिम उन्मुख सहर......२

**दूरदृष्टि निर्माण प्रक्रिया**......७

पृष्ठभूमि......८

परिवेशको आकलन......८

दूरदृष्टि किन ?......८

दूरदृष्टिका सूचकहरू : कस्तो खोकना बनाउने ?......९

सूचकहरूको वर्गीकरण र विषयगत दूरदृष्टि......१०

एकीकृत विषयगत र समग्र दूरदृष्टि निर्माण......११

दूरदृष्टि र सूचकको उपयोग......११

**धन्यवाद र प्रतिबद्धता**......१२

**अनुसूची**......१३

अनुसूची १: समूहगत र साझा दुरदृष्टि......१४

अनुसूची २: समूहगत विषय क्षेत्र......१५

अनुसूची ३: समूहहरूको विषयगत दुरदृष्टि......१६

अनुसूची ४: समूहहरूको विषयगत दूरदृष्टि तथा तिनका सूचकहरू......२२

अनुसूची ५ : कार्यशाला गोष्ठिका सहभागीहरू......४०



# परिचय

ललितपुर महानगरपलिका वडा नं. २१ खोकनाले 'साउथएशिया इन्ष्टिच्यूट अफ एड्भान्स्ड स्टडिज (सियास)' र 'एडिनवर्ग विश्वविद्यालय' को आर्थिक सहयोगमा फेब्रअरी २०१९ देखि मार्च २०२२ सम्म गरेको यस अनुसन्धानको मुख्य उद्देश्य भनेको खोकनाको प्राकृतिक र गैर-प्राकृतिक जोखिमहरूलाई बुझ्ने र यसको मूल कारणहरू पत्ता लगाउने हो । यसका लागि (१) कसरी बढ्दो सहरीकरणले खोकनालाई प्रभाव पारिरहेको छ ? (२) कसरी खोकनाभित्र रहेको सामाजिक संरचना र आर्थिक विविधताले एउटै समुदायमा बसे पनि व्यक्ति तथा परिवारहरू उस्तै प्रकारको विपद्मा पनि फरक फरक किसिमले प्रभावित हुन्छन् ? (३) कसरी बढ्दो विकास निर्माण र आर्थिक क्रियाकलापहरूका कारणले प्राकृतिक जोखिमहरू जस्तैः बाढी, पहिरो तथा डुबानका घटनाहरू वृद्धि भइरहेका छन् र (४) यसरी परिवर्तन भइरहेको समाज र वृद्धि भइरहेको जोखिमपूर्ण परिस्थितिमा खोकनावासीले अबको २० वर्षमा आफ्नो ठाउँ र सहरमा कस्ता विकास र परिवर्तनहरू भएको हेर्न चाहन्छन् भन्ने जस्ता सवालहरूको जवाफ खोज्ने उद्देश्यहरू राखेर यो अध्ययनको सुरुवात गरिएको हो ।

उपर्युक्त सवालहरूमध्ये यस पुस्तिकामा खोकनावासीसँग खोकनाको अबको २० वर्षको परिवर्तन र विकास कस्तो हुनुपर्छ भन्ने विषयमा २०७८ पौष १४-१५ गते आयोजना गरिएको दूरदृष्टि कार्यशाला गोष्ठीको छलफलबाट आएका नतिजाहरू समेटेर प्रस्तुत गरिएको छ । यो कार्यशाला गोष्ठीलाई 'खोकना दूरदृष्टि निर्माण कार्यशाला' भनिएको थियो । उपर्युक्त सबै प्रश्नहरूको जवाफ यसै पुस्तिकामार्फत दिन सम्भव नभएपनि समग्रमा पुस्तिकाको पहिलो भागमा कसरी परिवर्तनशील खोकना जोखिम उन्मुख बन्दैछ र खोकनाको जोखिमहरूलाई कसरी न्युनीकरण गर्न सकिन्छ भन्ने विषयलाई सारांशमा प्रस्तुत गरिएको छ भने दोस्रो भागमा कसरी र कुन विधि अवलम्बन गरेर खोकना दूरदृष्टि कार्यशाला गोष्ठी सम्पन्न गरियो र खोकनाको २० वर्षे दूरदृष्टि तयार पारियो भन्ने कुरा विस्तृत रूपमा प्रस्तुत गरिएको छ । अन्तमा समुदायले निर्माण गर्नु भएको दूरदृष्टिहरू प्रस्तुत गरिएको छ ।



# खोकना : ऐतिहासिक तर जोखिम उन्मुख सहर

काठमाडौंबाट करिब ८ किलोमिटर दक्षिणमा ललितपुर महानगरपालिका वडा नं. २१ मा अवस्थित खोकना एक ऐतिहासिक नेवार बस्ती हो । भौगोलिक हिसाबले करिब ३.२ वर्ग कि. मि. क्षेत्रफल ओगटेको खोकनाको पश्चिममा वाग्मती नदी, उत्तरमा चोभारको गल्छी, दक्षिणमा बुङ्मती र पूर्वमा सैंबु, भैँसेपाटी जस्ता बस्तीहरू रहेका छन् ।

वडाको पश्चिममा अवस्थित बहुचर्चित शिकाली मन्दिरको तल्लो भू-भाग र वाग्मती नदीको किनारमा अवस्थित पुरातात्त्विक महत्त्व बोकेको कु:देश (स्थानीय भाषामा कु:दे) क्षेत्रमा खोकनावासीको सभ्यताको विकास भएको मानिन्छ । यसै कु:देश क्षेत्रबाट नेवाः वा ज्यापूहरू बसाइँ सरी हालको खोकनामा बस्ती विस्तार भएको मानिन्छ । किंवदन्ती तथा स्थानीयको भनाइ अनुसार लामो खडेरी भए पछि राजा नरेन्द्र देवको पालामा (वि.सं. ६९९-७३९) सहकालका देवता मानिने आदिलोकेश्वर मत्स्येन्द्रनाथलाई भारतको आसामबाट नेपाल ल्याउनु अगावै खोकना बस्ती बसेको मानिन्छ । साथै १५ औं शताब्दीमा हैजा प्रकोप नियन्त्रणको लागि राजा अमरा मल्लको पालामा (नेपाल संवत् ६३४/वि.सं. १५७०) रुद्रायणी मन्दिरको स्थापना भएको र त्यसै समयमा खोकनालाई जितापुर नामकरण गरिएको मानिन्छ ।

सामाजिक, साँस्कृतिक र पर्यटकीय हिसाबले महत्त्वपूर्ण मानिने यस बस्तीमा धेरै जसो महर्जन र डंगोल जातिको बाहुल्यता रहेको छ । एउटै जातले जात्रा, पर्व र अन्य सँस्कारहरूमा सबै भूमिका निर्वाह गर्न कठिनाइ हुने भएकाले प्रचलन अनुसार जातिगत कार्यक्षेत्र विभाजन अन्तर्गत जात्रा, पर्वहरूमा शाही (मासु काट्ने), कुश्ले (बाजा बजाउने), कपाली (कुचीकार), र नापित (नङ, कपाल काट्ने) कामकाजका लागि खोकनामा स्थापित गराइएको स्थानीयको भनाइ छ । शाही/खड्गी, कुश्ले, कपाली, र नापितहरू विपन्न तथा पछाडि परेका समूहहरू हुन् । यी जातहरूसँगै हाल अन्य जातहरू जस्तैः तुलाधर, तामाङ, ठकुरीको तथा अन्य विभिन्न जाति तथा समुदायका आप्रवासीहरूको

पनि बसोबास रहेको छ। यद्यपि आप्रवासीहरूको संख्या दिनानुदिन बृद्धि हुँदै गईरहेको छ र स्थानीय वडा कार्यालयले आप्रवासीहरूको तथ्याङ्क हाल सम्म अद्यावधिक गरिसकेको छैन।

**तालिका १: खोकनाको जातिगत संरचना**

| क्र.स | जातिगत संरचना छल्कने घरधुरी वितरण | घरधुरी सङ्ख्या (२०२०) |
|---|---|---|
| १ | ज्यापू (महर्जन र डंगोल) | ८७४ |
| २ | शाही/खड्गी/कसाई | ३१ |
| ३ | श्रेष्ठ | ९ |
| ४ | ठकुरी (मल्ल र शाही ) | ९ |
| ५ | कपाली/कुश्ले | ४ |
| ६ | तुलाधर | ५ |
| ७ | शाक्य | १ |
| ८ | नापित | २ |
| ९ | अन्य (गैर-नेवार) | ९ |

*स्रोत : ललितपुर महानगरपालिका वडा नं २१, खोकना*

परापूर्वकाल देखि नै विविध जाति एवं सामाजिक समूहरू, र तिनका गुठी, जात्रा, पर्वहरूका साथै साँघुरा गल्लीहरू र एक आपसमा जोडिएका नेवा शैलीका घरहरूमा सद्भावका साथ रहनुले पनि खोकनालाई एउटा अलग र छुट्टै पहिचान दिलाएको छ। सहकारीको माध्यमबाट स्थानीय मौलिक बिधिद्वारा भुटेको तोरीको तेल उत्पादनको मुख्य केन्द्र भएकोले खोकना तोरीको तेलको लागि मात्र प्रख्यात नभई, स्थानीय जानकारहरुको भनाइ अनुसार सहकारीको उद्‌गम स्थलको रुपमा पनि प्रख्यात छ। स्वस्तिक आकारमा बसेको बस्ती, विभिन्न मठ-मन्दिर, पाटी-पौवा, लाछी, टोलहरू र परम्परागत पोखरीहरूले सुसज्जित यस खोकनामा कखुरा पाल्न नमिल्ने वा कुखुराको मासु परिकारको रूपमा भोजभतेरमा राख्न वर्जित छ। साथै प्रसिद्ध शिकाली जात्रा, रुद्रायणी




*स्रोत : ललितपुर महानगरपालिका वडा नं २१, खोकना*

मन्दिर, भुटेको तोरीको तेलसँगै वि.सं. १९५७ मा नेपालको पहिलो बिजुली बत्ती बलेको व्यवस्थित बस्ती जस्ता पहिचानहरूले गर्दा खोकना जीवित सङ्ग्रहालयको रूपमा समेत परिचित छ। यिनै साँस्कृतिक, आर्थिक तथा पुरातात्त्विक पहिचानहरूले धनी भएका कारण खोकनालाई वि.सं. २०५३ जेठ १० (सन १९९६ मे २३) मा युनेस्कोको विश्व सम्पदाको सूचीमा सूचीकृत गर्न मनोनयन गरिएको छ।

परापूर्वकालमा भारतदेखि तिब्बतसम्म गरिने ऐतिहासिक व्यापारिक मार्गमा पर्ने एक प्रमुख बस्तीको रूपमा रहेको यो बस्तीमा बढ्दो सहरीकरणका कारण पछिल्ला दुई दशकमा धेरै आर्थिक, सामाजिक तथा भौतिक परिर्वतनहरू देखापरेका छन्। केही वर्ष अघिसम्म यस क्षेत्रका अधिकांश रैथानेहरूको जीविकोपार्जन कृषिमा आधारित थियो तर हाल उनीहरूको जीविकोपार्जन विस्तारै गैरकृषि तर्फ उन्मुख भएको पाइन्छ। बढ्दो नयाँ बस्तीहरूको विस्तार र अव्यवस्थित विकास निर्माणका गतिविधिको प्रभावका साथ-साथै कृषिमा उच्च उत्पादन लागत, सिँचाइको अभाव तथा युवाहरूमा कृषिकार्य प्रतिको वितृष्णाका कारणले कृषि कार्य निकै घट्दै गएको छ। यसो भएपनि केही स्थानीय र आप्रवासीहरूले बढ्दै गरेको काठमाडौं उपत्यकाको बजारलाई




मध्यनजर गर्दै आधुनिक तथा व्यावसायिक कृषिमा भने लगानी गरेको तथा व्यावसायिक कृषिमा वृद्धि भइरहेको छ ।

सशस्त्र द्वन्द्वकालदेखि नै सहर केन्द्रित बसाइँसराई र उपत्यका बाहिरका जनसमुदायहरूको सहर उन्मुख बसाइँसराईका कारण उपत्यका सँगसँगै खोकनामा आप्रवासीहरूको सङ्ख्या द्रुत गतिमा बृद्धि भइरहेको छ । राष्ट्रिय महत्त्व बोकेको आयोजना जस्तैः द्रुतमार्ग (फास्ट ट्र्याक) सडक पनि यही आएर टुङ्याउने योजना रहेको छ । साथै अन्य विकास योजनाहरू जस्तै वाग्मती कोरिडोर सडक, स्मार्ट सहर, १३२ केभिको विद्युत् प्रसारण लाइन, बाहिरी चक्रपथ आदिले पनि खोकनाको भूमि प्रयोग गर्ने योजना भएकोले स्थानीय र सरोकारवालाहरू बीच जमिन एकीकरण र मुआब्जा सम्बन्धी विषयहरूलाई लिएर विवाद पनि चलिरहेको छ । यसरी धेरै विकास-निर्माण परियोजनाहरूको केन्द्रबिन्दु भएको र अन्य विभिन्न किसिमका उद्योगधन्दा, कलकारखाना, सडक तथा स्थानीय बाटोघाटो, आवास क्षेत्र तथा भू-खण्डीकरण पनि द्रुतगतिमा भइरहेकाले खोकनाको धेरै जसो कृषिभूमि अहिले अन्य प्रयोगमा आइसकेको छ । विषेश गरी खोकनाको उत्तरी भाग तथा पुराना बस्तीहरुको सेरोफेरोमा नयाँ घर निर्माण, घडेरी किनबेच र आवास प्रायोजनका लागि हुने भू-खण्डीकरण धेरै नै बढेका छन् । द्रुतगतिमा भइरहेको विकास-निर्माण सँगसँगै आन्तरिक आप्रवासीहरूले स्थानीयको बाँकी रहेको खेतीयोग्य जमिन भाडामा लिएर व्यावसायिक कृषि र पशुपालन पनि गरिरहेका छन् । साथै बढ्दो सङ्ख्यामा साना तथा मझौला स्तरका उद्योगधन्दाहरू जस्तैः जुत्ता उद्योग, प्लाष्टिक उद्योग, खुकुरी कारखाना, साइनबोड उद्योग, होटेल तथा रेस्टुरेन्टहरू आदिको पनि सञ्चालनले गर्दा खोकनामा व्यावसायिक तथा बजारमुखी आर्थिक क्रियाकलापहरू द्रुतगतिमा वृद्धि भइरहेका छन् । खासगरी यस्ता क्रियाकलापहरू खोकनाको उत्तरी भाग, शिकाली मार्ग, तार लँ र द्रुतमार्ग सडकको प्रस्तावित बसपार्क वा जिरो प्वाइट नजिक (जसलाई स्थानीयले खुडोल भन्छन्) एवं आसपासका क्षेत्रमा भइरहेका छन् । आर्थिक गतिविधिहरूको वृद्धि सँगसँगै ज्यालादारी गर्ने मजदुरहरूको जनसङ्ख्या बढेर कृषियोग्य भूमिमा झुपडी वा टहरा बस्तीहरूको सङ्ख्या पनि दिनानुदिन बढिरहेको छ । खासगरी २०७२ सालको भूकम्प पश्चात् सुरक्षित र सरल आवासहरूको खोजीका क्रममा बनेका अस्थायी टहराहरूमा हाल आप्रवासी (मूलत कामदारहरू) को बसोबास बढेको छ ।

द्रुतगतिमा विकास-निर्माणमा वृद्धि भएसँगै विभिन्न प्रकारका प्रकोपहरू

जस्तैः डुबान र पहिरोको समस्याहरू पनि बढ्दो छ । जस्तै खोकनाको भेवक्वे क्षेत्र (जुन तार लँ र शिकाली मन्दिर जाने कच्ची सडकहरूको चोकमा नयाँबजार केन्द्रको रूपमा विकास भइरहेको छ) वर्षायाम तथा अलि ठूलो पानी पऱ्यो भने डुबानमा पर्छ । त्यस्तै भेवक्वेबाट खोकनाको बहुचर्चित शिकाली मन्दिर जाने बाटो पनि वर्षायाममा डुबानमा पर्छ । यी प्रकोपहरू अहिले भइरहेका विकास-निर्माण कार्यभन्दा पहिले खासै हुने गरेका थिएनन् । त्यसैगरी शिकाली मन्दिर अवस्थित डाँडाको उत्तर र पश्चिम भागमा पहिरो जाने गरेकाले जोखिममा छ । पहिरोको कारण करिब ९४ रोपनी क्षेत्रफलमा फैलिएको शिकाली मन्दिर क्षेत्र अहिले करिब ८२ रोपनीमा सिमित भएको छ । पहिरोको नियन्त्रण तत्कालै सुरु गरिएन भने भविष्यमा जोखिम अझ बढ्न सक्छ । साथै मन्दिरबाट करिब १० मिटर उत्तरमा २०७२ सालको भूकम्पपछि करिब ६० मिटर लामो पूर्व-पश्चिम दिशामा जमिनमा चिरा परेकोले (अहिले घाँसले पुरिएको छ) यस ऐतिहासिक तथा साँस्कृतिक रुपमा महत्त्व भएको क्षेत्र नै जोखिममा पर्ने सम्भावना पनि बढ्दो छ । वाग्मती किनारमा अवस्थित स्थानीयहरुको परम्परागत समाधी स्थलहरू पनि बाढीको जोखिममा छन् । त्यसैगरी खोकनाको दक्षिणी भागमा अवस्थित भागुपा/साँःल क्षेत्र पनि वर्षामा वाग्मती खोलाले कटान गर्छ । यस क्षेत्रमा करिब १० परिवारको २५ रोपनी खेतीयोग्य जमिन बगाएर खोलापारि पुऱ्याइसकेको छ । साथै खोकनाकै बसपार्क क्षेत्र नजिकै रहेको नारङ्गाल क्षेत्र र नजिकै रेहेको जितापुर गन्धकुटी विहार पनि पहिरोको जोखिममा छ । खोकनाको कृषिभूमिमा (जसलाई स्थानीय भाषामा दोःफाँट भनिन्छ) भएका टहरा/ झुपडी बस्तीहरूमा प्रत्येक वर्षामा पानी पस्ने र डुबान हुने गर्छ, जसले आप्रवासी कृषक र स्थानीयको खेती विनाश हुने गरेको छ । साथै दोःफाँटको सबैभन्दा होचो भाग (समुद्र सतहबाट १२६० मिटरभन्दा कम) दौरागालमा वर्षायाममा राजकुलो र खेतहरूबाट निस्केको

**नक्शा १ : खोकनाको जोखिमपूर्ण ठाउँहरू**




स्रोतः गुगल अर्थ एवं स्थलगत अध्ययन २०१९ देखि २०२२
नोटः उल्लेखित जानकारीमूलक सङ्केतहरू गणितीय मापनभन्दा पनि स्थानीयवासीहरूले दिएको सुचना र अनुसन्धानकर्ताहरुले गरेका अवलोकनका आधारमा नक्शाकंन गरिएको हुनाले अवस्थिति केही मिटर वरपर पर्न सक्छ ।

पानी जम्मा भई नजिकै रहेको पुरातात्त्विक महत्त्वको ऐतिहासिक क्षेत्र कुःदेश सँगै कुःदे हिटी, पुराना कुवा र मचा गाः (बच्चाहरुको चिहान) पनि पूर्ण रुपमा जोखिममा छ । साथै हालसालै बसेको व्यावसायिक कृषि गर्ने आप्रवासीहरूको सानो बस्तीलाई असर पार्ने सम्भावना पनि उत्तिकै रहेको छ ।

यसरी खोकनामा सहरीकरण, विकास र जोखिम सँगसँगै वृद्धि भइरहेको अवस्थामा यस दूरदृष्टि कार्यशाला गोष्ठी मार्फत खोकनावासीहरूले आगामी



बीस वर्षमा खोकनालाई कसरी समृद्ध, जोखिम न्यूनीकृत वा जोखिममुक्त र उत्थानशील खोकना बनाउन सकिन्छ भन्नेमा गहन छलफल गरियो । यस पुस्तिकामा सबै जोखिमहरूको विश्लेषण नगरिएको भएपनि खोकनावासीहरूले अबको बीस वर्षमा खोकनालाई सामाजिक, आर्थिक र भौतिक रूपमा सम्पन्न बनाउने सपना देखेका छन् भन्ने कुरा प्रष्ट हुन्छ । माथि खोकनाको कुन ठाउँमा कस्ता-कस्ता जोखिमहरू छन् भन्ने कुरा छोटकरीमा विश्लेषण गरेकोले भविष्यमा निर्माण कार्य गर्दा उक्त जोखिमहरू न्यूनीकरण गर्ने उपायसहित योजना तर्जुमा गर्न यस पुस्तिकाले सहयोग गर्न सक्छ ।

विपद् व्यवस्थापन लगायत सहभागीहरूले अन्य विभिन्न विषयगत क्षेत्रहरू जस्तैः पहिचान, संस्कृति, जीविकोपार्जन, पर्यटन, कृषि तथा सिँचाइ, शिक्षा, स्वास्थ्य, वातावरण, खानेपानी तथा बिजुली, सूचना तथा सञ्चार, भौतिक पूर्वाधार, सुशासन, महिला सशक्तीकरण तथा समुन्नत, समतामूलक र विभेद रहित समाजको सम्बन्धमा पनि गहन छलफल गरी आ-आफ्नो समुदाय र क्षेत्रको अबको बीस वर्षपछिको समृद्धशाली र सुरक्षित खोकनाको परिकल्पना गरेका छन्, जुन यस पुस्तिकाको अनुसूचीहरूमा जस्ताको तस्तै राखिएको छ ।

अन्तमा, वर्तमानमा प्रभाव पारिरहेका र भविष्यमा हुनसक्ने प्रकोप तथा जोखिमहरू (माथि उल्लेखित) नियन्त्रणको उपायहरू अहिले नै नसोची देखासेखीमा विकास-निर्माण मात्रै गर्दै जाने हो भने समृद्ध, समतामूलक र सुरक्षित खोकना निर्माण गर्न सकिदैन । यसको प्राप्तिको लागि स्थानीय सरकारले एउटा विस्तृत जोखिम संवेदनशील भू-प्रयोग योजना (Risk Sensitive Land Use Plan) निर्माणगरी यथाशिघ्र प्रयोगमा ल्याउनुपर्दछ । माथि संलग्न गरिएको जोखिमयुक्त क्षेत्रहरू देखाइएको नक्सा र जोखिम संवेदनशीलताको आधारमा कसरी ती भूमिहरूको उपयोग गर्ने भन्ने कुरा निक्र्योल गर्न सकियो भने हामीले सोचेको समृद्ध र जोखिम न्यूनीकृत खोकनाको निर्माण गर्न भविष्यमा सम्भव छ । यस पुस्तिकामा सङ्गृहीत स्थानीयवासीहरूले परिकल्पना गरेको सुन्दर र सुरक्षित सहरमा बस्ने चाहना पूरा गर्न आवश्यक नीति तथा कार्यक्रमहरू बनाउन यस पुस्तिकाको नतिजाहरू सहयोगी हुने छन् भन्ने अपेक्षा गरिएको छ ।

# दूरदृष्टि निर्माण प्रक्रिया




## पृष्ठभूमि

खोकनाको दूरदृष्टि निर्माणको प्रक्रिया विभिन्न टोल तह तथा फरक सामाजिक आर्थिक अवस्था भएका वर्गसँगको छुट्टाछुट्टै छलफलसँगै सुरु भएको हो । खोकनाको समग्र सामाजिक-आर्थिक अध्ययन र त्यसमा विभिन्न वर्ग र क्षेत्रका बासिन्दासँगको एक्लाएक्लै र सामूहिक छलफलको लागि टोल तह र सामाजिक आर्थिक वर्गको समेत प्रतिनिधित्व हुने गरी सहभागीहरू छनौट गरियो । ६ महिला र २१ पुरुष गरी जम्मा २७ सहभागीले दुई दिन लगाएर खोकनाको विकास र संस्कृति संरक्षण र भविष्यमा देख्न चाहेको खोकनाको प्रारूप तयार गरेका हुन् । उनीहरूले खोकनाको विकासका लागि विषयगत प्राथमिक क्षेत्र तोक्नुको साथै त्यसका प्रमुख सूचक र लक्ष्य समेत निर्धारण गरे । प्राथमिक क्षेत्र र सूचक बनाउने काम प्रत्येक समूहले छुट्टाछुट्टै बनाए । त्यसपछि त्यही समूहले प्राथमिक क्षेत्रको दूरदृष्टि निर्माण र समग्र दूरदृष्टि निर्माणको काम समेत गरे । त्यो सबैलाई एकीकृत गरेर सबै समूहको प्रतिनिधित्व भएको समितिले (समूहका केही प्रतिनिधिहरू) विषयगत दूरदृष्टि र खोकनाको समग्र दूरदृष्टिको खाका बनाइ सबै सहभागीहरू बीच छलफलमा ल्याएर अन्तिम रूप दिने काम भयो । दूरदृष्टि निर्माण प्रक्रियाका महत्त्वपूर्ण अवयवहरू यस प्रकार रहेका छन् ।

## परिवेशको आकलन

सियासका अनुसन्धानकर्ताहरूले खोकनाको विभिन्न टोल, वर्ग र व्यक्तिहरूसँगको छलफल र सन्दर्भ सामाग्रीहरूको अध्ययनबाट खोकनाको बारेमा आएका निष्कर्षहरू प्रस्तुत गर्ने काम गरे । पछिल्ला वर्षहरूमा खोकनाभित्र केन्द्रीय स्तरबाट प्रस्तावित ठूला परियोजनाको विरोधमा भएका सङ्घर्षका बारेमा समेत छलफल भयो । खोकनाभित्र रहेका ऐतिहासिक महत्त्वका वैभवहरू र खोकनाको पहिचान जनाउने साँस्कृतिक, धार्मिक र पुरातात्त्विक महत्त्वका विविध पक्षमा समेत सहभागीहरूले खुलेरै चर्चा गरे । यी सबैको उद्देश्य हामीले निर्माण गर्ने दूरदृष्टि खोकनाको ऐतिहासिक विकासक्रम र खोकनावासीले गर्व गर्ने आफ्नो पहिचानबाट सुसूचित भएर निर्माण होस् भन्ने हो ।




## दूरदृष्टि किन ?

अव्यवस्थित मानवबस्तीको जथाभावी विकास र विस्तार हुँदा काठमाडौं उपत्यका र यसका वरपरका क्षेत्रहरू बहु-प्रकोपको जोखिममा छन् । पूर्वाधारहरू पर्याप्त र दिगो छैनन्, कृषि योग्य जमिनमा जथाभावी घर निर्माण भएका छन्, स्थानीय भूगोल विभिन्न किसिमका ठूला तथा साना निर्माण कार्यहरूले गर्दा बदलिएको छ, खुला क्षेत्र कम छन्, बाटा साँघुरा र अव्यवस्थित छन्, आधारभूत सुविधा (सार्वजनिक यातायात, शिक्षा, स्वास्थ्य, सुरक्षा) पुगेको छैन । साथै बाढी-पहिरोको जोखिम भएका ठाउँमा ठूलाठूला संरचना बनेका

छन् । यी सबैको बीचमा जग्गाको मूल्य आकासिँदा खोकनावासीसमेत आफ्नो पहिचान सहितको खोकना रोज्ने कि काठमाडौंका अरू क्षेत्र जस्तै अव्यवस्थित रूपमा बस्ती विकास हुन र ठूला पूर्वाधार निर्माण गर्न दिने भन्ने ठूलो आन्तरिक दबाबमा छन् । एउटा सुझबुझ पूर्ण दूरदृष्टि (Well thought out vision) र योजना (Well thought plan) ले भविष्यमा हुनसक्ने जोखिम र प्रकोपहरूलाई न्यूनीकरण तथा व्यवस्थापन गर्न सहयोग गर्नेछ ।




यस दूरदृष्टि निर्माण प्रक्रियाको सुरुवातमा एकजना महिला सहभागी तथा राजनैतिक अभियन्ता र अर्को एकजना पुरुष अनुसन्धानकर्ताले आ-आफ्नो अनुभवका रूपमा आजभन्दा २० वर्षपछि तपाईले आफू सफल र समृद्ध भएको कथा आफ्नो साथीलाई कसरी बताउन चाहनुहुन्छ भनेर प्रदर्शन (Role Play) गरे । महिलाले समग्र सामाजिक बन्धनसँग सङ्घर्ष गर्दै सानोतिनो व्यवसायबाट सुरु गरेर आर्थिक रूपमा सबल बनेको, बालबच्चाहरूको शिक्षादीक्षा राम्रो गराएको, समाज परिवर्तनमा योगदान दिइरहेको, महिला अधिकारको क्षेत्रमा काम गरिरहेको कुरा बताउनुभयो भने पुरुषले चाहिं आफू राम्रै परिवारमा जन्मेर शिक्षादीक्षा राम्रो लिई विभिन्न क्षेत्रमा जागिरको अनुभव लिदैं अहिले मन्त्री भएको कुरा बताउनुभयो । यी दुई प्रदर्शनहरू र त्यसमा भएका छलफलबाट दुईवटा निष्कर्ष निकालियो । पहिलो, फरक व्यक्ति वा समूहका फरक दूरदृष्टि हुनसक्ने रहेछन् । त्यसैले ती वर्गले आ-आफ्ना दूरदृष्टि बनाउँदा राम्रो हुने रहेछ । दोस्रो, दूरदृष्टिमा सकेसम्म धेरै आयामहरूलाई समेट्नु पर्दो रहेछ जस्तैः शिक्षा, स्वास्थ्य, सामाजिक परिवर्तन, सहरीकरण, आर्थिकोपार्जन, बाटोघाटो, जोखिम तथा प्रकोप, आदि ।

## दूरदृष्टिका सूचकहरू : कस्तो खोकना बनाउने ?

माथिको उदाहरण र त्यसमाथि सैद्धान्तिक र व्यवहारिक छलफलपछि सहभागीहरूलाई चार समूहमा विभाजन गरियो । जस अनुरूप सानो खोकना, महिला, सीमान्तकृत तथा आप्रवासी समूह, विपद् व्यवस्थापन समूह र वडा समूह । ती समूहलाई आफूले देख्न चाहेको २० वर्ष पछिको खोकना कस्तो हो त्यसको प्रारूप तयार गर्न भनियो । त्यसका लागि खोकनाको नक्सा, चार्ट पेपर, मार्करहरू र अन्य स्टेसनरीका सामाग्रीहरू प्रदान गरियो । प्रत्येक समूहलाई सहजीकरण गर्न सहजकर्ताहरू समेत तोकियो । यसरी प्रत्येक समूहले छलफल गरी निर्धारण गरेका २० वर्षपछिका अवस्थाहरू सहभागीहरू बीच प्रस्तुत गरे,

जुन दूरदृष्टिका सूचकहरू हुन् । उदाहरणका लागि विपद् व्यवस्थापन समूहले बनाएका केही सूचक यस्ता छन् :

**भौतिक पूर्वाधार**

- ढल निकाससहित स्तरीय बाटो घाटो निर्माण गरिने ।
- कृषि सडक निर्माण गरिने ।
- सुबिधा सम्पन्न मनोपरामर्शयुक्त सामुदायिक अस्पताल निर्माण गरिने ।
- गुणस्तरीय शिक्षायुक्त सामुदायिक महाविद्यालय स्थापना गरिने ।
- भूकम्प प्रतिरोधात्मक भौतिक संरचनाहरू निर्माण गरिने ।
- स्थानीय सरकार मातहतको कार्यालय भवन निर्माण गरिने ।
- प्राकृतिक र मानव सिर्जित प्रकोप नियन्त्रण गर्न स्रोत साधनको व्यवस्थापन र भण्डारण गरिने ।

## सूचकहरूको वर्गीकरण र विषयगत दूरदृष्टि

प्रत्येक समूहले बनाएका सूचकहरू प्रस्तुत गरी छलफल पश्चात् ती सूचकहरूलाई सहभागीहरूले विषयगत (thematic) रूपमा वर्गीकरण गरे । उदाहरणका लागि वडा समूहले सुशासन, भौतिक पूर्वाधार, स्वास्थ्य, वातावरण तथा सरसफाइ, मौलिकता/पहिचान आदि गरी १६ वटा विषयगत क्षेत्रमा (theme) ७३ वटा सूचकलाई वर्गीकरण गरे ।


त्यसपछि ती सूचकहरूलाई समेट्ने गरी विषयगत क्षेत्रको दूरदृष्टिको निर्माण गर्ने काम भयो । प्रत्येक विषयगत दूरदृष्टिलाई समेट्ने गरी केही समूहले




छुट्टाछुट्टै नारा समेत बनाए । जस्तै : विपद् व्यवस्थापन समूहको विपद् सम्बन्धी नारा यस्तो बन्यो

> **विपद् र जोखिम न्यून खोकनाको नारा,**
> **सुरक्षित साथ खुसी भई बस्छन् सारा**

त्यसपछि सबै विषयगत दूरदृष्टिलाई समेटेर आ-आफ्नो समूहको समग्र दूरदृष्टि निर्माण गर्ने काम भयो, जुन हामीले यस पुस्तिकामा जस्ताको तस्तै प्रस्तुत गरेका छौं ।




## एकीकृत विषयगत र समग्र दूरदृष्टि निर्माण

प्रत्येक समूहले विषयगत दूरदृष्टिहरू निर्माण गरिसकेपछि सबै समूहबाट प्रतिनिधित्व हुने गरी एउटा कार्यदल (Task Force) बनाएर त्यो कार्यदलले सम्बन्धित विषयगत क्षेत्रमा विभिन्न समूहले बनाएका दूरदृष्टिहरूलाई मिहिन ढङ्गले विश्लेषण गर्दै प्रत्येक विषयगत क्षेत्रको साझा दूरदृष्टि बनायो, जस्तैः संस्कृति विषयको समूहगत दूरदृष्टि र सबैलाई मध्यनजर गर्दै बनाइएको एकीकृत दूरदृष्टि यस्तो बन्यो

> **"ऐतिहासिक र साँस्कृतिक सम्पदा र धरोहरहरू जस्तै मौलिक परम्परा, जात्रा, वेशभूषा, भाषा, लिपि आदिको संरक्षण र अभिलेखीकरण गरी पुस्तान्तरण गर्दै र नेवा शैलीका घरहरू निर्माणमा जोड दिँदै विश्व सम्पदा सूचीमा सूचीकृत जीवन्त सङ्ग्रहालयको रूपमा खोकनालाई विकास गरिने**

त्यसैगरी सबै समूहहरूको एकीकृत दूरदृष्टिलाई समेटेर खोकनाको साझा दूरदृष्टि बनाउने काम भयो जुन यस प्रकार बन्यो

> **"वैभवशाली नेवा साँस्कृतिक पहिचान सहित समुन्नत र समतामूलक खोकना"**

विषयगत क्षेत्र र समग्र दूरदृष्टिलाई सबै सहभागीहरूको बीचमा प्रस्तुत गरी छलफल गरेर अन्तिम रूप दिने काम भयो ।

## दूरदृष्टि र सूचकको उपयोग

सहभागीहरू मध्ये धेरै जसो स्थानीय समाजसेवी, प्रमुख राजनैतिक दलका प्रतिनिधिहरू, स्थानीय विद्यालय र कलेजका शिक्षक र गैरसरकारी क्षेत्रमा कार्यरत विज्ञहरू रहेको र उहाँहरूले जुनसुकै दलको सरकार भएपनि यसरी

सबैको सहभागीतामा बनेको दूरदृष्टि (भिजन) र सूचकहरूलाई भविष्यमा नीति नियम र योजना निर्माण गर्दा आधार बनाउने प्रतिबद्धता जनाउनुभयो । यी सूचकहरू जोखिम संवेदनशील भू-प्रयोग योजना (Risk Sensitive Land Use Plan) बनाउँदा पनि सहयोगी हुने विज्ञहरूबाट जानकारी प्राप्त भयो ।

## धन्यवाद र प्रतिबद्धता

खोकनाको दूरदृष्टि निर्माणको क्रममा 'भोलिका सहरहरू' नामक अनुसन्धान परियोजनाको तर्फबाट 'सियास' संस्थामार्फत सहजीकरण गर्ने प्रमुख सहजकर्ता डा. मणिराम बन्जाडे र सहजकर्ताहरू डा. डिल्लीप्रसाद पौडेल, डा. नेत्रप्रसाद तिम्सिना, रोजनी मानन्धर, विनोद अधिकारी र डा. अनुशिया श्रेष्ठ र प्राविधिक सहयोगका लागि सुरोज खड्का एवं इन्जिनियरिङ अध्ययन संस्थान पुल्चोकका सहरी योजनाकारद्वय संगिता अधिकारी र मिक्सेन राईलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । खोकना र खोकनाबासीलाई यस परियोजनामा संलग्न गराउनु भएकोमा प्रा.डा. संगीता सिंह प्रति पनि हामी आभारी छौं ।


सियास र इन्जिनियरिङ अध्ययन संस्थानका विज्ञबाट खोकनाको सामाजिक आर्थिक परिवेशको अध्ययन र विश्लेषण गर्नुका साथै प्राकृतिक प्रकोप अनि जोखिमसँग सम्बन्धित छलफल र सचेतना जगाउने काम गरेर हामीलाई जोखिम संवेदनशील योजना निर्माणको महत्त्वको बारेमा सुसूचित गर्नु भएकोमा आभार व्यक्त गर्दछौं । दूरदृष्टि निर्माणको क्रममा सक्रियतापूर्वक सहभागी हुने ललितपुर महानगरपालिका वडा नं. २१ का खोकनाबासीहरू, महिला, कृषक, समाजसेवी, सीमान्तकृत समुदाय, आप्रवासी र स्थानीय सरोकारवाला संस्थाका प्रतिनिधिहरूलाई समेत हामी हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै, यो दूरदृष्टिमा समेटिएका समग्र सामाजिक, आर्थिक, साँस्कृतिक र भौतिक विकासका कार्यक्रमहरूलाई सम्पन्न गर्न यहाँहरूको सहयोगको अपेक्षा राखेका छौं ।

र अन्तमा,

'भोलिका सहरहरू' अनुसन्धान परियोजनामा संलग्न संस्था र विज्ञहरूबाट प्राप्त हुने जोखिमका पक्षहरूलाई समेत विचार पुऱ्याउँदै हाम्रा भौतिक विकासका कार्यक्रमहरू सञ्चालन गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछौं ।



# अनुसूची


खोकनाको पहिचान
Mustard Oil
तोरीको तेल
(नेपाल मण्डल) काठमाण्डौ उपत्यका वासी हिसावले भुतेको तोरीको तेल पाइने
१ मौलिक पेशा, तोरी तेल उत्पादक
कृषि आधारित कृषि उत्पादन क्षेत्र
जात्रा मनाउने खड्गी बाजा
ऐतिहासीक
स्वस्तिक आकारको वास्तुशैलीमा निर्मित
IDENTITY -1
1. ज्यापुहरूको Homogenous Community रहेको प्राचिन बस्ति
2.
दशैं नमान्ने बस्ति
खेतिपातिमा आधारित
कुखुरा र सुंगुर/बंगुर
नपालिने बस्ति
विगतमा खोकना स्वावलम्बि थियो।
हाल पर निर्भर भएको।
दुर्तमार्गको विरोध भैरहेको ठाउँ - खोकना
IDENTITY - 2
- सांस्कृतिक रुपमा Unique बस्ति
- व्यबस्थित प्राचिन बस्ति
पहिचान
१ नेवारी भाषा, संस्कृति, सम्पदा भेषभुषा
2
सांस्कृतिक र एतिहासिक पहिचान बोकेको गाउँ खोकना
सांस्कृतिक पर्यटन
* नेपालको पहिलो बिजुली बालेको गाउँ
तोरीको तेल

# अनुसूची १ : समूहगत र साझा दूरदृष्टि

### समूह १ महिला,सीमान्तकृत र आप्रवासी

नेवा साँस्कृतिक पहिचान झल्किने गुणस्तरीय शिक्षा, स्वास्थ्य र भौतिक पूर्वाधारसहितको हराभरा समुन्नत र समतामूलक खोकना

### समूह २ सानो खोकना

सानो खोकनालाई जीवन्त सङ्ग्रहालयको रूपमा स्थापित गर्न उन्नत मातृभाषा, संस्कृति र परम्परालाई संरक्षण र संवर्धनमा जोड दिदै दक्ष जनशक्ति उत्पादन, स्थानीय स्रोत साधनको प्रयोग एवं गुणस्तरीय शिक्षा, स्वास्थ्य तथा द्रुतमार्ग र वाग्मती कोरिडोर लगायतका विपद् रहित भौतिक पूर्वाधारहरूको रूपमा निर्माण गरी स्वच्छ, विभेद न्यूनीकृत र आत्मनिर्भर सानो खोकनाको निर्माण

### खोकनाको बीसवर्षे दूरदृष्टि

**वैभवशाली नेवा साँस्कृतिक पहिचानसहित समुन्नत र समतामूलक खोकना**

### समूह ३ विपद् व्यवस्थापन समूह

साँस्कृतिक वैभवलाई प्रवर्द्धन, पुस्तान्तरण र धार्मिक सहिष्णुता कायम गर्दै दक्ष जनशक्ति विकासमा जोड दिई परम्परागत उत्पादन र खाद्यान्नको बजारीकरण मार्फत समृद्ध एवं वातावरण मैत्री जोखिम संवेदनशील, प्रविधियुक्त पूर्वाधारसहितको समतामूलक सुरक्षित खोकना

### समूह ४ वडा समूह

नेपालको इतिहास मै पहिचान बोकेको भुटेको शुद्ध तोरीको तेल उत्पादन व्यवसायलाई निरन्तरता दिदै ऐतिहासिक नेवा शैलीका घरहरूलाई स्वस्तिक आकारमा निर्माण एवं संवर्धन गर्दै सभ्य-संस्कृति, परम्परागत कला-संस्कृतिलाई अध्ययन/अध्यापन गर्ने/गराउने शैक्षिक केन्द्रका रूपमा विकसित गरी स्वदेशी र विदेशी पर्यटकहरूलाई आकर्षण गर्ने ऐतिहासिक खोकना र आधुनिक कृषि, जडिबुटी उत्पादन प्रशोधन, प्राविधिक कलेज, व्यायाम केन्द्र, समतामूलक स्वास्थ्य सेवा, स्वच्छ वातावरण, डिजिटलाइज्ड प्रविधि, स्वच्छ खानेपानीको सहज आपूर्ति, गौरवमय केवलकार, सोलार, बोरिङ प्रविधिसहितको आधुनिक खोकनाको सङ्गम क्षेत्रका रूपमा विकास

# अनुसूची २: समूहगत विषय क्षेत्र (Themes)

## समूहगत विषय क्षेत्र

### महिला, समान्तकृत र आप्रवासी

१. संस्कृति र परम्परा
२. सवल आर्थिक अवस्था
३. भौतिक पूर्वाधार विकास
४. वातावरण तथा सरसफाइ
५. विभेदको अन्त्य
६. गुणस्तरीय शिक्षा
७. स्वास्थ्य सेवा
८. कृषि

### सानो खोकना

१. विपद् व्यवस्थापन
२. भौतिक पूर्वाधार
३. वातावरण तथा सरसफाइ
४. भाषा र संस्कृति
५. आर्थिक आत्मनिर्भरता
६. महिला सशक्तीकरण
७. मनोविज्ञान

### विपद् व्यवस्थापन समूह

१. विपद् व्यवस्थापन
२. भौतिक पूर्वाधार
३. पर्यावरण
४. मानवीय संसाधन विकास
५. संस्कृति
६. कृषि
७. आर्थिक अवस्था
८. समानता र समता
९. शिक्षा
१०. स्वास्थ्य
११. सूचना र प्रविधि
१२. सुरक्षा

### वडा समूह

१. मौलिकता/पहिचान
२. भाषा-लिपि/संस्कृति
३. विपद् व्यवस्थापन
४. भौतिक पूर्वाधार
५. सीप- आयआर्जन
६. वातावरण तथा सरसफाइ
७. कृषि
८. आर्थिक (पर्यटन)
९. शिक्षा
१०. स्वास्थ्य
११. सूचना तथा संचार
१२. सुरक्षा
१३. खानेपानी तथा बिजुली
१४. स्वशासन
१५. संस्थागत संरचना
१६. सिँचाइ

# अनुसूची ३: समूहहरूको विषयगत दूरदृष्टि (Thematic Vision Statement)

| क्र. सं. | विषय क्षेत्र | समूहहरू | | | | विषयगत दूरदृष्टि |
|---|---|---|---|---|---|---|
| | | महिला, सीमान्तकृत र आप्रवासी समूह | सानो खोकना समूह | विपद् व्यवस्थापन समूह | वडा समूह | |
| १ | संस्कृति | मौलिक जात्रा, परम्परा, वेशभूषा, लिपि, परिकार प्रवर्तित नेवारी जीवनशैलीको खोकना विकास गरिने । | नेवा भाषा संस्कृति संरक्षणका लागि सरकारी कामकाजमा नेवा भाषा प्रयोगका साथै बालबालिकालाई प्रशिक्षण देखि अभिलेखीकरण गरी सानो खोकनालाई जीवन्त सङ्ग्रहालयको रूपमा विकास गरिने । | स्थानीय भाषा, मौलिक सम्पदा, र संस्कृतिको संरक्षण र दस्तावेजीकरण गरी पुस्तान्तरण गर्दै विश्वसम्पदा सूचीमा सूचीकृत समतामूलक साँस्कृतिक सहर विकास गरिने । | नेवा शैलीका घरहरू निर्माणमा जोड दिदै ऐतिहासिक र साँस्कृतिक सम्पदा र धरोहरहरू (पुराना नामहरू, नेवाभाषा, परम्परागत नाच र बाजागाजा) को संरक्षण र प्रवर्द्धन गर्दै खोकनालाई जीवन्त सङ्ग्रहालयको रूपमा विकास गरिने । | ऐतिहासिक र साँस्कृतिक सम्पदा र धरोहरहरू जस्तैः मौलिक परम्परा, जात्रा, वेशभूषा, भाषा, लिपि आदिको संरक्षण र अभिलेखीकरण गरी पुस्तान्तरण गर्दै र नेवा शैलीका घरहरू निर्माणमा जोड दिदै विश्वसम्पदा सूचीमा सूचीकृत जीवन्त सङ्ग्रहालयको रूपमा खोकनालाई विकास गरिने । |
| २ | कृषि | स्रोत साधनको प्रयोगबाट व्यावसायिक खेतीलाई प्रबर्धन गरिने । | मानव स्वास्थ्यलाई ध्यानमा राखी अर्गेनिक खाद्यान्न तथा तरकारी उत्पादनलाई प्रोत्साहन गरिने । | कृषि उत्पादनलाई बढावा दिन कृषिक्षेत्र निर्धारण, सामूहिक खेती प्रवर्द्धन र अनुसन्धानमा जोड दिदै माटो सुहाउँदो, प्रविधिमैत्री, वातावरण अनुकूल र दिगो कृषि विकास लाई बढावा दिइने । | दक्ष जनशक्ति उत्पादन गरी स्थानीय बिउबिजन संरक्षण गर्दै जडिबुटी र पुष्पखेतीका साथै आधुनिक पशुपन्छी, मौरी र माछापालनलाई जोड दिदै कृषिलाई व्यापारीकरण र आधुनिकीकरण गरिने । | कृषिलाई बढावा दिन कृषिक्षेत्र निर्धारण गरी दक्ष जनशक्ति उत्पादन गर्दै र स्थानिय बिउ बिजनलाई संरक्षण गर्दै सामूहिक र व्यावसायिक खेतीप्रवर्द्धन र अनुसन्धानमा जोड दिई कृषिलाई व्यापारीकरण र आधुनिकीकरण गर्ने र मानव स्वास्थ्यलाई ध्यानमा राखी माटो सुहाउँदो प्रविधिमैत्री र वातावरण अनुकूल दिगो कृषि विकासलाई जोड दिइने । |

| क्र. सं. | विषय क्षेत्र | महिला, सीमान्तकृत र आप्रवासी समूह | सानो खोकना समूह | विपद् व्यवस्थापन समूह | वडा समूह | विषयगत दूरदृष्टि |
|---|---|---|---|---|---|---|
| ३ | शिक्षा | सुविधा सम्पन्न र भूकम्पप्रतिरोधी भवनमा अनुभवी र तालिम प्राप्त शिक्षकद्वारा सबै विषयको गुणस्तरीय र सर्वसुलभ (प्रयोगात्मक) शिक्षाको ग्यारेण्टि गरिने । | विपद्रहित सुविधा सम्पन्न गुणस्तरीय शिक्षायुक्त विद्यालय निर्माण गरिने । | व्यावसायिक, प्राविधिक र स्थानीय भाषाका विद्यालय तथा विश्वविद्यालयमा लगानी गरी शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउँदै पूर्ण साक्षर खोकनाको निर्माण गरिने । | शिशु शिक्षालय (प्रि-स्कुल), पुस्तकालय, प्राविधिक स्कुल र कलेजहरू स्थापनाका साथै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी निःशुल्क रुपमा गुणस्तरीय शिक्षा प्रदान गरिने । | विपद्रहित सुविधा सम्पन्न विद्यालयमा स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी अनुभवी र दक्ष शिक्षकद्वारा निःशुल्क रुपमा सबै बिषयहरूको गुणस्तरीय शिक्षा सुनिश्चित गरिने । |
| ४ | स्वास्थ्य | सुविधा सम्पन्न आयुर्वेदिक सेवा सहितको एलोप्याथिक स्वास्थ्य केन्द्र, अनुभवी स्वास्थ्यकर्मी, स्वास्थ्य सचेतना कार्यक्रम, स्वास्थ्य बिमा सहित स्वस्थ खोकना निर्माण गरिने । | विपद्रहित सुविधा सम्पन्न, स्वास्थ्य परामर्शसहितको अस्पताल निर्माण गरिने । | स्थानीय ज्ञान तथा प्रविधियुक्त गुणस्तरीय र निःशुल्क स्वास्थ्य सेवा प्रवाह र स्वस्थ खोकनाको प्रत्याभूति गरिने । | स्थानीयलाई सहुलियत रूपमा स्वास्थ्य सेवा प्रदान गर्न मैत्रीपूर्ण, आधुनिक सुविधा सम्पन्न अस्पताल साथै व्यायाम स्थल, योग-ध्यान केन्द्र निर्माण गरिने । | अनुभवी स्वास्थ्यकर्मी, स्वास्थ्य परामर्श र स्वास्थ्य बिमाको सुविधासहित सहुलियत वा निःशुल्क स्वास्थ्य सेवाप्रदान गर्न विपद्रहित आधुनिक सुविधा सम्पन्न र गुणस्तरीय अस्पताल साथै व्यायाम स्थल, योग, ध्यान केन्द्र सञ्चालन गरिने । |
| ५ | वातावरण तथा सरसफाइ | पानी शुद्धीकरण, ढल तथा फोहोर व्यवस्थापन गरी वातावरणमैत्री फोहोररहित स्वच्छ र हराभरा खोकना निर्माण गरिने । | स्वस्थ्य वातावरणका लागि व्यवस्थित ढल तथा फोहोर व्यवस्थापन गरी वैकल्पिक उर्जा प्रवर्द्धन र हराभरा सानो खोकनाको विकास गरिने । | फोहोर व्यवस्थापन तथा पुनःप्रयोग, ढल प्रशोधन केन्द्रको स्थापना र प्राकृतिक स्रोतहरूको संरक्षण गरी स्वच्छ र सन्तुलित पर्यावरण निर्माण गरिने । | फोहोर व्यवस्थापनका लागि प्लास्टिकजन्य वस्तुलाई निरुत्साहित गर्दै जैविक मल उत्पादन र ढल व्यवस्थापन गरी घर-घरमा हरियाली प्रवर्द्धन गरिने । | स्वस्थ वातावरणका लागि प्राकृतिक स्रोतहरूको संरक्षण गरी पानी शुद्धीकरण, ढल तथा फोहोर व्यवस्थापन गर्दै प्लास्टिकजन्य वस्तुलाई निरुत्साहित र वैकल्पिक ऊर्जा, जैविक मल उत्पादन तथा पुनःप्रयोगलाई प्रवर्द्धन गरी वातावरणमैत्री हराभरा खोकना निर्माण गरिने । |

| क्र. सं. | विषय क्षेत्र | महिला, सीमान्तकृत र आप्रवासी समूह | सानो खोकना समूह | विपद् व्यवस्थापन समूह | वडा समूह | विषयगत दूरदृष्टि |
|---|---|---|---|---|---|---|
| ६ | भौतिक पूर्वधार | सुविधा सम्पन्न, भूकम्प प्रतिरोधी र अपाङ्गमैत्री दिगो भौतिक संरचनायुक्त खोकना निर्माण गरिने । | विपद्रहित सुविधा सम्पन्न विद्यालय, अस्पताल, बाटो र अन्य भौतिक संरचनाको निर्माण गरिने । | व्यवस्थित र सर्वसुलभ सहरी पूर्वाधारहरू (ढल, सडक, विद्युत, खानेपानी आदि) निर्माण गरी विपद् र जोखिमरहित बस्ती निर्माण गरिने । | खोकनालाई व्यवस्थित गर्न भौतिक पूर्वाधारहरू जस्तैः सडकहरू र चक्रपथहरू र छिमेकी नगरपालिकाहरूसँग जोड्न पक्कीपुल र केबलकारहरू निर्माण साथै वाग्मती कोरिडोर निर्माण गर्दै शिकाली चौरलाई धार्मिक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरिने । | विपद्रहित व्यवस्थित, सर्वसुलभ र दिगो भौतिक संरचनाहरू जस्तै : सडक, ढल, विद्युत, खानेपानी, विद्यालय, अस्पताल आदि निर्माणका साथै छिमेकी नगरपालिकासँग जोड्न पक्कीपुल र केबलकारहरू निर्माण गरी पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरिने । |
| ७ | आर्थिक | साँस्कृतिक पर्यटन, हस्तकला, व्यावसायिक खेती, र स्थानीय स्रोत साधनको प्रयोगबाट आर्थिक रूपमा समृद्ध खोकना निर्माण गरिने । | स्थानीय स्रोत साधनको परिचालन गरी युवाहरूलाई दक्ष र सीपयुक्त व्यवसाय सञ्चालन गर्दै प्राकृतिक र साँस्कृतिक सम्पदाहरूलाई पर्यटकीय विकास गरी दुर्व्यसनमुक्त सानो खोकना युवा समाज निर्माण गरिने । | उद्यमशीलता विकास, साँस्कृतिक पर्यटनको प्रवर्द्धन, मौलिक परिकारहरू, ऐतिहासिक तेल तथा स्थानीय उत्पादनको बजारीकरण र निर्यात गरी आर्थिक विकासमा जोड दिइने । | आर्थिक आत्मनिर्भरता बढाउन प्रत्येक घरका पसलकवलहरू सञ्चालनका साथै पर्यटकीय स्थलहरूमा होमस्टे, सूचना केन्द्र र टिकट काउन्टर आदि सञ्चालनमा जोड दिइने । | आर्थिक आत्मनिर्भरता बढाउन स्थानीय स्रोत साधनको परिचालन र दक्ष युवा जनशक्ति उत्पादन गरी उद्यमशीलता विकास गर्दै मौलिक सम्पदाहरूको तथा साँस्कृतिक पर्यटनको प्रवर्द्धन (होमस्टे, सूचना केन्द्र र टिकट काउन्टर आदि) गरी आर्थिक रुपमा समृद्ध समाज निर्माण गरिने । |

| क्र. सं. | विषय क्षेत्र | महिला, सीमान्तकृत र आप्रवासी समूह | सानो खोकना समूह | विपद् व्यवस्थापन समूह | वडा समूह | विषयगत दूरदृष्टि |
|---|---|---|---|---|---|---|
| ८ | लक्षितवर्ग/ महिला सशक्तीकरण/ विभेद रहित | जातिगत र लैङ्गिक विभेदको अन्त्य गरी, महिलालाई आत्मनिर्भर बनाइ समावेशी र मैत्रीपूर्ण समाज निर्माण गरिने। | रोजगारीको उचित अवसर, शिक्षा, तालिम, महिला हिंसा र विभेदको अन्त्य गरी सानो खोकनाका महिलाहरूलाई आत्मनिर्भर बनाइने। | लक्षितवर्गहरूको अधिकारको प्रत्याभुति गराइ विभेद रहित र समतामूलक समाजको निर्माण गरिने। | | लक्षित वर्गहरूको अधिकारको प्रत्याभूत गराइ, जातिगत र लैङ्गिक विभेदको अन्त्य गरी, रोजगारीको उचित अवसर शिक्षा, तालिम दिई, महिलालाई आत्मनिर्भर बनाइ समतामूलक समाजको निर्माण गरिने। |
| ९ | विपद् व्यवस्थापन | | विपद्रहित सुविधा सम्पन्न भौतिक संरचनाको निर्माण गरिने। | विपद्रहित विकास र व्यवस्थित भू-उपयोगमा जोड दिदै विपद् व्यवस्थापनका लागि आवश्यक जनशक्ति, राहतकोष र सामाग्रीसहितको भवन निर्माण गरी विपद् व्यवस्थापनमा सरोकारवालाहरूसँग समन्वय गरिने। | जोखिममुक्त स्थानहरूको नक्साङ्कन गर्दै विपद्रहित सामुदायिक भवनहरूको निर्माण र आवश्यक जनशक्ति र सामाग्री तयार गरिने। | जोखिममुक्त स्थानहरूको नक्साङ्कन र व्यवस्थित भू-उपयोगमा जोड दिदै विपद् व्यवस्थापनका लागि आवश्यक जनशक्ति, राहतकोष र सामाग्रीसहितको भवन निर्माण गरी विपद् व्यवस्थापनमा सरोकारवालाहरूसँग समन्वय गरिने। |
| १० | सुरक्षा | | | विपद् व्यवस्थापनका लागि आवश्यक साधनहरूसहितको विपद् व्यवस्थापन भवन निर्माण, चोकहरूमा सि.सि. टिभी क्यामेराको जडान र सुरक्षा एकाइको स्थापना गरी सुरक्षित समाज निर्माण गरिने। | सुरक्षाका लागि सि.सि. टिभी क्यामेराको व्यवस्था गरिने। | विपद् व्यवस्थापन भवन निर्माण, चोकहरूमा सि.सि. टिभी क्यामेराको जडान र सुरक्षा एकाइको स्थापना गरी सुरक्षित समाज निर्माण गरिने। |

| क्र. सं. | विषय क्षेत्र | महिला, सीमान्तकृत र आप्रवासी समूह | सानो खोकना समूह | विपद् व्यवस्थापन समूह | वडा समूह | विषयगत दूरदृष्टि |
|---|---|---|---|---|---|---|
| ११ | सूचना र प्रविधि | | | खोकनावासीलाई सूचना तथा प्रविधिको ज्ञान र पहुँचलाई सहज बनाउन इ. पुस्तकालयको स्थापना गर्ने र नियमित प्रविधि सम्बन्धी कक्षा समेत सञ्चालन गरी प्रविधिमैत्री वडा निर्माण गरिने । | प्रत्येक घर र स्थानीय निकायमा सर्वसुलभ इन्टरनेटको पहुँच दिई डिजिटलाइज्ड प्रविधिको प्रयोग र प्रवर्द्धन गरिने । | प्रत्येक घर र स्थानीय निकायमा सर्वसुलभ इन्टरनेटको पहुँच दिई डिजिटलाइज्ड प्रविधि इ-पुस्तकालयको स्थापना गरी त्यसको प्रयोग र प्रवर्द्धन गरी प्रविधिमैत्री वडा निर्माण गरिने । |
| १२ | खानेपानी तथा बिजुली | | | | खानेपानीको मुहान पहिचान र आकासेपानी सङ्कलनलाई प्रोत्साहन गरी घर घरमा स्वच्छ पानीको सुविधा दिने, साथै बिजुलीका तारलाई भूमिगत गरी सडक बत्ती राख्ने र बिद्युतीय चुलो प्रवर्द्धन गरिने । | |
| १३ | स्वशासन | | | | मौलिक घर नमुना निर्माण साथै बेचबिखनका नीतिनियम, कर छुट, भू-उपयोग नीति आदि लागु गरी खोकनालाई स्वशासित क्षेत्र घोषणा गरिने । | |
| १४ | संस्थागत संरचना | | | | परम्परागत संस्थाहरूको (गुठी) समिति सबलीकरण र विज्ञहरूसहित सामाजिक विकास समिति गठन गरिने । | |

| क्र. सं. | विषय क्षेत्र | महिला, सीमान्तकृत र आप्रवासी समूह | सानो खोकना समूह | विपद् व्यवस्थापन समूह | वडा समूह | विषयगत दूरदृष्टि |
|---|---|---|---|---|---|---|
| १५ | सिँचाइ | | | | सिँचाइका लागि राजकुलो, इनारहरूको व्यवस्थाका साथै, वाग्मती नदीबाट पानी तान्ने र सौर्य शक्तिबाट सञ्चालित बोरिङ प्रविधि प्रयोग र प्रवर्द्धन गरिने । | |
| १६ | मानवीय संसाधन विकास | | | कृषि, साँस्कृतिक पर्यटन र मौलिक व्यवसायहरूलाई प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिम दिंदै दक्ष जनशक्ति उत्पादन गर्ने र सम्मानजनक रोजगारीको प्रत्याभूत गराइने । | | |
| १७ | मनोविज्ञान | | मनोपरामर्शसहित सामाजिक सहिष्णुता कायम गर्ने खालका जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने । | | | |

# अनुसूची ४: समूहहरूको विषयगत दूरदृष्टि तथा तिनका सूचकहरू

## महिला, सीमान्तकृत र आप्रवासी समूह "The Better World"

| विषयक्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| गुणस्तरीय शिक्षा (गुणस्तरीय सर्वसुलभ उच्च शिक्षा) | • अनुभवी तालिम प्राप्त शिक्षकको व्यवस्था गरिने ।<br>• भूकम्प प्रतिरोधि भौतिक पूर्वाधार (विद्यालय भवन, चर्पी, खानेपानी ट्याङ्की आदि) निर्माण गरिने<br>• प्राथमिक उपचारको व्यवस्था गरिने ।<br>• खेलकुदको सुविधा खेलमैदान खुल्ला क्षेत्र निर्माण गरिने ।<br>• प्रयोगात्मक शिक्षा/प्रगतिशील शिक्षाको व्यवस्था गरिने ।<br>• १२ कक्षासम्म नि:शुल्क शिक्षाको व्यवस्था गरिने ।<br>• जुनसुकै विषयको अध्ययन अवसर दिइने ।<br>• शैक्षिक विमाको व्यवस्था गरिने ।<br>• स्कुलतह (मा.वि) देखि लोकसेवाका कक्षा ऐच्छिक विषयको रूपमा सञ्चालन गरिने<br>• पुस्तकालय व्यवस्थित र आवश्यक सबै पुस्तक उपलब्ध गराइने | सुविधा सम्पन्न र भूकम्प प्रतिरोधी भवनमा अनुभवी र तालिम प्राप्त शिक्षकद्वारा सबै विषयको गुणस्तरीय र सर्वसुलभ (प्रयोगात्मक) शिक्षाको व्यवस्था गरिने । |
| स्वास्थ्य सेवा (निरोगी खोकना) | • एउटै क्लस्टरमा एउटा सुविधा सम्पन्न स्वास्थ्य केन्द्रको स्थापना गरिने<br>• भरपर्दो आयुर्वेदिक औषधी/स्वास्थ्य सेवा सर्वसुलभ उपलब्ध गराइने ।<br>• स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रमको आयोजना गरिने ।<br>• तालिम प्राप्त र अनुभवी स्वास्थ्यकर्मीहरू व्यवस्था गरिने ।<br>• व्यायामशालाको सुविधा उपलब्ध गराइने ।<br>• सबै व्यक्तिको सुलभ स्वास्थ्य बिमाको व्यवस्था गरिने ।<br>• एम्बुलेन्स पर्याप्त र सेवा आवश्यकता अनुसार उपलब्ध गराइने । | सुविधा सम्पन्न आयुर्वेदिक सेवासहितको एलोप्याथिक स्वास्थ्य केन्द्र, अनुभवी स्वास्थ्यकर्मी, स्वास्थ्य सचेतना कार्यक्रम, स्वास्थ्य बिमासहित स्वस्थ खोकना निर्माण गरिने । |

| विषयक्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| सबल आर्थिक अवस्था (आर्थिक उन्नति हाम्रो समुन्नति) | • व्यावसायिक खेती गरिने ।<br>• रोजगारको पर्याप्त सुविधा गरिने ।<br>• स्थानीय क्षेत्रमा पाइने स्रोत र साधनहरूको प्रयोग र व्यापारीकरण गरिने ।<br>• हस्तकलामा आधारित उद्योग व्यवसायलाई प्रोत्साहन गरिने ।<br>• ऐलाको (Alcohol) ब्रान्डिङ गरिने ।<br>• साँस्कृतिक पर्यटनको विकास गरिने ।<br>• पोखरीहरूलाई आम्दानीको स्रोतको रूपमा प्रयोग गरि व्यवस्थित हाँसपालन गरिने ।<br>• नारङ्गाल जिपलाइनको निर्माण गरिने ।<br>• नारङ्गालको झरनालाई व्यवस्थित बनाएर आम्दानीको स्रोतको रूपमा विकास गरिने ।<br>• खोकना सङ्ग्रहालय विकास गरिने । | साँस्कृतिक पर्यटन, हस्तकला, व्यावसायिक खेती, र स्थानीय स्रोत साधनको प्रयोगबाट आर्थिक रूपमा समृद्ध खोकना निर्माण गरिने । |
| भौतिकपूर्वाधार विकास (उत्थानशील खोकना) | • सबै क्षेत्रमा सुविधा सम्पन्न बस्ती विकास गरिने ।<br>• वाग्मती करिडोर निर्माण गरिने ।<br>• खोकना घुम्ती पक्की सडक निर्माण गरिने ।<br>• दुँःहिटि, कुःदे हिटी, दौरागाल आदि वङ्ग (कुवा) को पानीलाई उपभोगमा ल्याइने ।<br>• नारङ्गालको झरना व्यवस्थित गरिने ।<br>• जेष्ठ नागरिक मिलन केन्द्र /स्याहार केन्द्रको व्यवस्था गरिने ।<br>• अपाङ्गमैत्री पूर्वाधार निर्माण गरिने ।<br>• नेपा भाषा, संस्कृति सम्पदाको पठन पाठन गर्ने अध्ययन संस्थानको निर्माण गरिने । | सुविधा सम्पन्न, भूकम्प प्रतिरोधी र अपाङ्गमैत्री दिगो भौतिक संरचनायुक्त खोकना निर्माण गरिने । |
| संस्कृति र परम्परा | • मौलिक जात्रा र परम्पराहरू संरक्षित तथा प्रवर्धित गरिने ।<br>• मौलिक कला कृतिहरूको जगेर्ना गरिने ।<br>• मौलिक वेशभूषा र लिपिको जगेर्ना र उत्थान गरिने ।<br>• मौलिक नेवारी लिपि प्रवर्धिन गरिने ।<br>• मौलिक नेवारी परिकारहरू प्रवर्धित गरिने ।<br>• मौलिक नेवारी जीवनशैलीको प्रवर्धित गरिने । | मौलिकजात्रा, परम्परा, वेशभूषा, लिपि, परिकार प्रवर्धित नेवारी जीवनशैलीको खोकना निर्माण गरिने । |

| **विषयक्षेत्र (Themes)** | **सूचकहरू (Indicators)** | **विषयगत दूरदृष्टि (Thematic Vision Statements)** |
|---|---|---|
| वातावरण<br>(हरियो सहर हाम्रो रहर) | • स्वच्छ हरियाली वातावरण सृजना गरिने ।<br>• घरबाट नै कुहिने र नकुहिने फोहोर छुट्याएर कुहिने फोहोरलाई मल र नकुहिने फोहोर पुनः प्रयोग गर्न प्रोत्साहन गरिने ।<br>• पानी शुद्धीकरणको व्यवस्था गरिने ।<br>• व्यवस्थित ढल र प्रशोधन केन्द्र (Treatment plant) बनाएर जैविक इन्धन (bio-energy) को उत्पादन व्यवस्था गराइने<br>• वातावरणमैत्री कच्चापदार्थको प्रयोग गरिने ।<br>• वृक्षरोपण गरिने । | पानी शुद्धीकरण, ढल तथा फोहोर व्यवस्थापन गरी वातावरणमैत्री फोहोररहित स्वच्छ र हराभरा खोकना निर्माण गरिने । |
| विभेद<br>(समता, समानता र समावेशिता) | • जातिगत विभेदको अन्त्य गरिने ।<br>• महिलाहरूलाई सामाजिक, आर्थिक, राजनीतिक रुपमा आत्मानिर्भर गराइने ।<br>• लैङ्गिक समानता गरिने ।<br>• विकास निर्माण कार्यमा पहुच बढाउने ।<br>• जाति र वर्ग बीचको भेदभाव अन्त्य गरिने ।<br>• अपाङ्गमैत्री समाज निर्माण गरिने ।<br>• जेष्ठ नागरिक स्याहार केन्द्र निर्माण गरिने | जातिगत र विभेदको अन्त्य गरी महिलालाई आत्मनिर्भर बनाइ समावेशी र मैत्रीपूर्ण समाज निर्माण गरिने । |

## समूह छलफलका केही प्रतिनिधिमूलक फोटोहरू









# सानो खोकना "खुसी तथा समृद्ध सानो खोकना"

| विषयक्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| भाषा र संस्कृति (नेपाभाषा र संस्कृति सम्पदाको संरक्षण) | • स्थानीय सरकारी कार्यालयमा कामकाजमा नेपाः भाषाको प्रयोग गरिने । <br>• चाडबाडमा मौलिक वेशभूषाको प्रयोग गरिने । <br>• नेपाः भाषा रहनसहनको अभिलेखीकरण गरी किताब तयार गरिने । <br>• पहिचान झल्काउन जिवन्त सङ्ग्रहालय बनाइने । <br>• नेपाः भाषा संस्कृति सम्बन्धी नयाँ तथा पुराना स्ववासीका बालबालिकाहरूलाई प्रशिक्षण दिइने । | नेपाः भाषा संस्कृति संरक्षणका लागि सरकारी कामकाजमा नेपाः भाषा प्रयोगका साथै बालबालिकालाई प्रशिक्षणदेखि अभिलेखीकरण गरी सानो खोकनालाई जीवन्त सङ्ग्रहालयको रूपमा विकास गरिने । |
| भौतिक पूर्वधार (आधुनिक भौतिक पूर्वधार सम्पन्न मानव बस्ती) | • ढल निकाससहित स्तरीय बाटो घाटो निर्माण गरिने । <br>• कृषि सडक निर्माण गरिने । <br>• फास्ट ट्र्याक तथा वाग्मती कोरिडोरले यातायात सहज गराइने । <br>• सुविधा सम्पन्न मनोपरमर्शयुक्त सामुदायिक अस्पताल निर्माण गरिने । <br>• गुणस्तरीय शिक्षायुक्त सामुदायिक महाविद्यालय स्थापना गरिने । <br>• भूकम्प प्रतिरोधात्मक भौतिक संरचनाहरू निर्माण गरिने । <br>• स्थानीय सरकार मातहतको कार्यालय भवन निर्माण गरिने । <br>• प्राकृतिक र मानव सिर्जित प्रकोप नियन्त्रण गर्न स्रोत साधनको व्यवस्थापन र भण्डारण गरिने । | विपद्रहित सुविधा सम्पन्न विद्यालय, अस्पताल, बाटो र अन्य भौतिक संरचनाको निर्माण गरिने । |
| वातावरण (स्वच्छ पर्यावरण स्वस्थ वातावरण) | • सबै क्षेत्रमा ढल निकाससहितको बायोग्याँस परियोजना निर्माण गरिने । <br>• कम प्रयोग, पुनःप्रयोग र पुनःप्रशोधन (3R-Reduce, reuse and Recycle) नीतिबाट आयआर्जन गरिने । <br>• वैकल्पिक ऊर्जा प्रवर्द्धन गरि आत्मनिर्भरता बढाउने । <br>• प्राकृतिक खोलानाला, वन जङ्गल स्वच्छ बनाउने नीति निर्माण गरिने । | स्वस्थ वातावरणका लागि व्यवस्थित ढल तथा फोहोर व्यवस्थापन गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन र हराभरा सानो खोकना निर्माण गरिने । |

| विषयक्षेत्र (Themes) | **सूचकहरू (Indicators)** | **विषयगत दूरदृष्टि (Thematic Vision Statements)** |
|---|---|---|
| आर्थिक आत्मनिर्भरता | • आफ्ना युवाहरूलाई दक्ष प्रशिक्षकहरूद्वारा सीपमूलक व्यवसाय सञ्चालनको तालिम प्रदान गरिने ।<br>• स्थानीय स्रोत साधनको परिचालन गरिने ।<br>• दुर्व्यशनमुक्त युवा समाजको निर्माण गरिने ।<br>• सानो खोकना देखि शिकाली चौरसम्म पर्यटकीय रुपमा विकास गरिने । | स्थानीय स्रोत साधनको परिचालन गरी युवाहरूद्वारा दक्ष र सीपयुक्त व्यवसाय सञ्चालन गर्दै प्राकृतिक र साँस्कृतिक सम्पदाहरूलाई पर्यटकीय रुपमा विकास गरी दुर्व्यसनमुक्त सानो खोकनाको निर्माण गरिने । |
| महिला सशक्तीकरण<br>(समुन्नत समतामूलक समाज) | • महिलालाई आत्मनिर्भर र सक्षम बनाउन शिक्षा र तालिम प्रदान गरिने ।<br>• दाइजो प्रथाको अन्त्य गरिने ।<br>• समान अवसर र रोजगारको व्यवस्था गरिने ।<br>• महिला हिंसाको अन्त्य गरिने । | रोजगारीको उचित अवसर, शिक्षा र तालिम दिई महिला हिंसा र विभेदको अन्त्य गराइ महिलामा आत्मनिर्भरता बढाउने । |
| मनोभाव<br>(स्वस्थ मनोविज्ञान सहितको समाज) | • उमेर अनुसार सबैजनालाई स्वास्थ्य मनोपरामर्शसहित योग, ध्यान, भजन कृतन, खेलहरू सञ्चालन गरिने ।<br>• जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिने ।<br>• सामाजिक, धार्मिक, भाषिक, साँस्कृतिक सहिष्णुता कायम गर्ने खालका कार्यक्रमहरू सञ्चालन गरिने । | मनोपरामर्श सहित सामाजिक सहिष्णुता कायम गर्ने खालका जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने । |

## समूह छलफलका केही प्रतिनिधिमूलक फोटोहरू









# विपद् व्यवस्थापन समूह

| विषयक्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| सामाजिक/ साँस्कृतिक (खोकनावासीको रहर, साँस्कृतिक नेवारी सहर) | • खोकनाको भाषा, धर्म र संस्कृति आत्मसात गरिने ।<br>• बहुभाषिक, साँस्कृतिक, धार्मिक सहिष्णुतासहितको मानवीय विकास गराइने<br>• साँस्कृतिक सम्पदा जस्तैः बाजागाजा, दाफा खलः भजन साहित्य, कला आदिको लिखित दस्तावेजीकरण गरिने ।<br>• विश्वसम्पदा सूचीमा समावेश गराइने ।<br>• अनुभवी तथा युवाहरू बीच ६/६ महिनामा छलफल गरिने ।<br>• साँस्कृतिक विश्वविद्यालय निर्माण गरिने ।<br>• सम्पदासँग सम्बन्धित मन्दिर, लाछी, पाटी-पौवा मौलिक रूपमा निर्माण तथा नयाँ मानव बस्तीहरूमा पनि मौलिक संरचना निर्माण गरिने ।<br>• विभेदरहित समुन्नत समतामूलक समाज निर्माण गरिने । | स्थानीय भाषा, मौलिक सम्पदा, र संस्कृतिको संरक्षण, दस्तावेजीकरण, र विश्वस्तरमा प्रवर्द्धन गरी नयाँ पुस्तामा पुस्तान्तरण गर्दै समतामूलक साँस्कृतिक सहर निर्माण गरिने । |
| कृषि (माटो सुहाउँदो पद्धति, कृषिबाटै समृद्धि) | • कृषि क्षेत्र निर्धारण गरी उक्त क्षेत्रको माटो सुहाउँदो जलवायु उत्थानशील दिगो कृषि नीति अवलम्बन गरिने ।<br>• आवश्यक अनुसन्धान गरी व्यापक उत्पादन हुनसक्ने बाली छनौट गरी व्यावसायिक एवं आत्मनिर्भर हुनसक्ने गरी सामूहिक खेती प्रवर्धन गरिने ।<br>• वडामा हुनसक्ने खाद्यान्न तरकारी फलफूलको आयातलाई न्यूनीकरण गरिने ।<br>• कृषिमा कम्तीमा ३०० जनालाई नियमित रोजगार सृजना गरिने । | कृषि उत्पादनलाई बढावा दिन कृषि क्षेत्र निर्धारण, सामूहिक खेती प्रवर्द्धन र अनुसन्धानमा जोड दिँदै माटो सुहाउँदो, प्रविधिमैत्री, वातावरण अनुकूल र दिगो कृषि विकास गरिने । |
| पर्यावरण (सन्तुलित पर्यावरण, स्वच्छ वातावरण) | • फोहोर व्यवस्थापन र पुनः प्रयोग गरिने ।<br>• प्राकृतिक स्रोतहरूको संरक्षण गरिने ।<br>• ढल प्रशोधन केन्द्रहरूको स्थापना गरिने ।<br>• खोकनालाई प्लास्टिकमुक्त सहर बनाउने । | फोहोर व्यवस्थापन तथा पुनःप्रयोग, ढल प्रशोधन केन्द्रको स्थापना र प्राकृतिक स्रोतहरूको संरक्षण गरी स्वच्छ र सन्तुलित पर्यावरण निर्माण गरिने । |

| **विषयक्षेत्र (Themes)** | **सूचकहरू (Indicators)** | **विषयगत दूरदृष्टि (Thematic Vision Statements)** |
|---|---|---|
| भौतिक पूर्वाधार (योजनाबद्ध व्यवस्थित पूर्वाधार, विकसित खोकनाको मूल आधार) | • विपद् तथा जोखिमरहित मानव बस्तीको निर्माण गरिने ।<br>• मूल बस्ती बाहिर अत्याधुनिक व्यवस्थित बस्ती विकास गरिने ।<br>• फराकिलो बाटो जहाँ व्यवस्थित ढल निकास, विद्युत तथा टेलिफोन लाइनलाई भूमिगत रूपमा व्यवस्थापन गरिने ।<br>• खानेपानीलाई सर्वसुलभ गराइने ।<br>• विपद्को समयमा प्रयोग गर्ने खुल्ला क्षेत्र, रमणीय पार्क क्षेत्रको निर्माण गरिने । | व्यवस्थित र सर्वसुलभ सहरी पूर्वाधारहरू (ढल, सडक, विद्युत, खानेपानी आदि) निर्माण गरी विपद् र जोखिम रहित बस्ती निर्माण गरिने । |
| स्वास्थ्य (स्वस्थ नागरिक, सर्वसुलभ स्वास्थ्य) | • खोकना क्षेत्रमा २०० वेडको अस्पताल निर्माण गरी सेवा सुचारु गरिने ।<br>• जेष्ठ नागरिकहरूलाई निःशुल्क गुणस्तरीय स्वास्थ्य उपचारको व्यवस्था गरिने । | स्थानीय ज्ञान तथा प्रविधियुक्त गुणस्तरीय र निःशुल्क स्वास्थ्य सेवाप्रवाह र स्वस्थ खोकनाको निर्माण गरिने । |
| मानवीय संसाधन विकास (सक्षम जनशक्ति, खोकनाको उन्नति) | • प्रत्येक घरमा २ जना दक्ष एवं सीपयुक्त जनशक्ति उत्पादन गरिने ।<br>• दक्ष जनशक्तिको क्षमता अनुसारको सम्मानजनक रोजगारको सुनिश्चिता गरिने ।<br>• परम्परमगत सीप र साधनहरूको उच्चतम प्रयोग सहित स्थानीय सर्वसाधरणद्वारा उत्पादित वस्तुहरूको व्यवस्थित बजारीकरण गरिने ।<br>• मौलिक नेवारी संस्कृति र परम्परागत उत्पादन तथा खाद्यान्नको ब्रान्डिङ (Branding) गरी स्वदेश तथा विदेशमा सहज निर्यात गर्ने वातावरण सृजना गरिने ।<br>• साँस्कृतिक पर्यटन प्रवर्द्धनका लागि शिक्षित युवाहरूलाई विषेश तालिम सहित सामूहिक नेवारी होटल तथा होमस्टेहरू व्यापक बनाइ ५०० प्रत्यक्ष अप्रत्यक्ष रोजगार सृजना गरिने ।<br>• स्थानीय कृषकहरूलाई आधुनिक तथा परम्परागत कृषि सम्बन्धी सीप तथा आवश्यक तालिम नियमित संञ्चालन गरि कृषिजन्य खाद्यान्नको आयातलाई निरुत्साहन गरिने । | कृषि, सांस्कृतिक पर्यटन र मौलिक व्यवशायहरूलाई प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिम दिदै दक्षजनशक्ति उत्पादन गर्ने र सम्मानजनक रोजगारीको प्रत्याभूति गरिने । |

| विषयक्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| शिक्षा<br>(आत्मनिर्भरतासहितको गुणस्तरीय शिक्षा सक्षम र शिक्षित जनशक्ति, खोकना विकासका लागि हाम्रो नीति) | • गुणस्तर, सर्वसुलभ शिक्षाको व्यवस्था गरिने ।<br>• खोकना क्षेत्र पूर्ण साक्षर समाज निर्माण गरिने ।<br>• खोकनामा नेपाः भाषा तथा साँस्कृतिक विश्वविद्यालय स्थापना गरी देश विदेशवाट विद्यार्थीहरू आई पठनपाठन गर्ने/गराउने वातावरण तयार गरिने ।<br>• व्यावसायिक तथा प्राविधिक शिक्षालय स्थापना गरिने । | व्यावसायिक, प्राविधिक र स्थानीय भाषाका विद्यालय तथा विश्वविद्यालयमा लगानी गरी शिक्षालाई गुणस्तरीय र सर्वसुलभ बनाउँदै पूर्ण साक्षर खोकनाको निर्माण गरिने । |
| आर्थिक<br>(समृद्धिको मूलमन्त्र, स्थानीय सीप विकास र प्रवर्द्धन हाम्रो सूत्र) | • जलवायु उत्थानशील दिगो कृषि विकास गरिने ।<br>• साँस्कृतिक क्षेत्र लगायत सम्पदालाई संरक्षण गरी साँस्कृतिक पर्यटन विकास गरिने ।<br>• ऐतिहासिक तेल मिल स्थापना गरी विश्वभरि तेल निर्यात गरिने ।<br>• स्थानीय प्राविधिक र स्वरोजगार उद्यमशीलता विकास गर्न रोजगारीमूलक उत्पादन गर्ने तालिम केन्द्र स्थापना गरी दक्ष जनशक्ति उत्पादन गरिने ।<br>• आधुनिक एवम् वैज्ञानिक कृषि व्यवसायलाई प्रवर्द्धन गर्न तालिम केन्द्र स्थापना गरिने ।<br>• परम्परागत शैलीको होमस्टे सञ्चालन र मौलिक होटल व्यवसाय स्थापना गरिने । | उद्यमशीलता विकास, साँस्कृतिक पर्यटनको प्रवर्द्धन, मौलिक परिकारहरू, ऐतिहासिक तेल तथा स्थानीय उत्पादनको बजारीकरण र निर्यात गरी आर्थिक विकासमा जोड दिइने । |
| सुरक्षा | • प्रत्येक चोक चोकमा सि.सि. टि.भी क्यामेराको व्यवस्था गरिने ।<br>• विपद् व्यवस्थापन भवनको निर्माण गरी उक्त भवनमा विपद् सम्बन्धि सम्पूर्ण सामाग्री जसमा दमकल, एम्वुलेन्स, प्रहरी भ्यान, फायर एक्स्टीङ्गिसर, नाइलन डोरी, वाटरप्रुफ ज्याकेट, कुटो, गल, बेल्चा, गैटी, स्टेचर आदिको व्यवस्था गरिने ।<br>• खोकना बस्तीलाई पायक पर्ने गरी प्रहरी युनिट स्थापना गरिने ।<br>• खोकना क्षेत्रमा बसोवास गर्ने जनताहरूको जिउधनको सुरक्षाको प्रत्याभूति गराइने ।<br>• गैर कानुनी, आपराधिक क्रियाकलापमा कमि ल्याइने । | विपद् व्यवस्थापनका आवश्यक साधनहरू सहितको विपद् व्यवस्थापन भवन निर्माण, चोकहरूमा सि.सि. क्यामेराको जडान र सुरक्षा एकाइको स्थापना गरी सुरक्षित समाज निर्माण । |

| विषयक्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| विपद् व्यवस्थापन (विपद् र जोखिम न्यून खोकनाको नारा, सुरक्षित साथ खुसी भई बस्छन् सारा) | • विपद् सम्बन्धी दक्ष जनशक्ति निरन्तर निर्माण र भवन सहितको संरचना निर्माण गरिने ।<br>• विपद्मा परेका नागरिकहरूलाई उचित क्षतिपूर्ति दिन सक्ने वडा कोषको व्यवस्था गरिने ।<br>• विपद्रहित विकास योजना निर्माण गरिने ।<br>• विपद् व्यवस्थापनका लागि स्काउट, रेडक्रस, प्रहरी र दक्ष नागरिकहरूसँग निरन्तर सहकार्य र जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिने र भू-उपयोग नीति ल्याइने । | विपद्रहित विकास र व्यवस्थित भू-उपयोगमा जोड दिँदै विपद् व्यवस्थापनका लागि आवश्यक जनशक्ति, राहतकोष र सामाग्रीसहितको भवन निर्माण गरी विपद् व्यवस्थापनमा सरोकारवालाहरूसँग समन्वय गरिने । |
| समानता र समता (लक्षितवर्गको उत्थानका लागि हाम्रो योजना, पूरा हुनेछ जनताको सम्मानजनक जीवनको चाहना) | • महिलाहरूको हक र न्याय, उचित शिक्षा र सीपमा पहुँच वृद्धि गरिने ।<br>• सबै वर्गलाई समान अधिकार र पहुँच, विभेदरहित समाज निर्माण गरिने ।<br>• जातजाति, धर्म र लिङ्गको आधारमा समानता कायम गरिने ।<br>• बालअधिकार संरक्षण गरिने ।<br>• असाहय, असशक्तहरूलाई सम्मान र अधिकार प्रदान गरिने । | लक्षित वर्गहरूको अधिकारको प्रत्याभूति, विभेद्रहित र समतामूलक समाजको निर्माण गरिने । |
| सूचना र प्रविधि (घरघरमा प्रविधिको प्रयोग, सर्वसुलभ सूचनाको उपभोग) | • सूचनाको लागि सञ्चार माध्यम स्थापना तथा डिजिटल प्रविधिमैत्री वडा घोषणा गरिने ।<br>• प्रत्येक नागरिकहरूलाई सम्पूर्ण सूचना सहज रुपमा हासिल गर्न सक्षम बनाइने ।<br>• वडामा उच्च प्रविधि सहितको डिजिटल पुस्तकालय (E-Library) स्थापना गरिने ।<br>• प्रत्येक नागरिकहरूलाई आधारभूत प्राविधिक ज्ञान (Basic Technical Knowledge) का बारेमा नियमित कक्षा सञ्चालन गरिने ।<br>• सूचनाको गोपनीयता सहितको प्रविधि क्षेत्र आफ्नै जनशक्तिद्वारा सञ्चालन गरिने ।<br>• प्रत्येक परिवारमा कमसेकम १ जना स्नाकोत्तर उत्तीर्ण र १ जना प्राविधिक व्यक्ति उत्पादन भई विश्व बजारमा प्रतिस्पर्धा गर्न सक्षम गुणस्तरीय जनशक्ति उत्पादन गरिने । | खोकनावासीलाई सूचना तथा प्रविधिको ज्ञान र पहुँचलाई सहज बनाउन डिजिटल पुस्तकालयको स्थापना गरी नियमित रुपमा प्रविधि सम्बन्धी कक्षासमेत सञ्चालन गरी प्रविधिमैत्री वडा निर्माण गरिने । |

## समूह छलफलका केही प्रतिनिधिमूलक फोटोहरू












# वडा समूह (मौलिक र समृद्ध खोकना-हाम्रो पहिचान)

| विषय क्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| मौलिकता / पहिचान | • परम्परागत तेल मिल सञ्चालन गरिने ।<br>• नेवा शैलीका घरहरू निर्माण गरिने ।<br>• प्रवेशद्वार/ निर्माण गरिने ।<br>• साँस्कृतिक पर्वलाई निरन्तरता दिइने ।<br>• ऐतिहासिक धरोहर (नेपालकै पहिलो बिजुली बत्ती बालेको घर) लगायतको संरक्षण र प्रवर्द्धन गरिने ।<br>• ऐतिहासिक, पुरातात्त्विक सम्पदा क्:देश क्षेत्रको संरक्षण र प्रवर्द्धन गरी पर्यटकीय क्षेत्रको रुपमा विकास गरिने । | नेवा शैलीका घरहरू निर्माणमा जोड दिँदै ऐतिहासिक र साँस्कृतिक धरोहरहरूको संरक्षण र प्रवर्द्धन गरिने । |
| भाषा-लिपि/ संस्कृति | • सङ्केत चिह्न (Sign board / Hoarding Board) मा नेपाः भाषा-लिपिको प्रयोग गरिने ।<br>• सङ्ग्रहालय सञ्चालन गरिने ।<br>• सार्वजनिक स्थल - गुठी, मन्दिरको संरक्षण र मर्मत गरिने ।<br>• पुराना ठाउँका नामहरूलाई पुनर्स्थापना गरिने | पुराना ठाउँका नामहरूलाई यथावत् राख्दै साँस्कृतिक सम्पदाको संरक्षणका साथै नेपाः भाषाको प्रयोगका लागि प्रोत्साहन गर्दै खोकनालाई जीवन्त सङ्ग्रहालयको रूपमा स्थापित गरिने । |
| कला-सङ्गीत | • परम्परागत सङ्गीत पाठशालाको संरक्षण गरिने ।<br>• सङ्ग्रहालय निर्माण गरिने ।<br>• ऐतिहासिक / परम्परागत नृत्य, दाफा, देवीनाच, लाखे नाच आदिको संरक्षण र प्रवर्द्धन गरिने । | परम्परागत नाच र बाजागाजालाई संरक्षण गरी सङ्गीत पाठशाला र सङ्ग्रहालय सञ्चालन गरिने । |
| स्वास्थ्य | • आधुनिक सुविधा सम्पन्न स्वास्थ्यकेन्द्र/अस्पताल निर्माण गरिने ।<br>• स्थानीयलाई सहुलियत रूपमा स्वास्थ्य सेवा प्रदान गरिने ।<br>• थेरापी, व्यायामस्थल, योग-ध्यान केन्द्र निर्माण गरिने ।<br>• बाल, महिला, जेष्ठ नागरिक, अशक्तमैत्री स्वास्थ्य सेवा सञ्चालन गरिने । | स्थानीयलाई सहुलियत रूपमा स्वास्थ्य सेवा प्रदान गर्न मैत्रीपूर्ण, आधुनिक सुविधा सम्पन्न अस्पताल साथै व्यायाम स्थल, योग-ध्यानकेन्द्र निर्माण गरिने । |

| विषय क्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| शिक्षा | • स्थानीय पाठ्यक्रम/पाठ्यपुस्तक तयार गरिने ।<br>• पुस्तकालय स्थापना गरिने ।<br>• नेपाः भाषा माध्यमका शिशु शिक्षालय (Pre– School) सञ्चालन गरिने ।<br>• प्राविधिक शिक्षालय, कलेज स्थापना गरिने ।<br>• निःशुल्क रुपमा गुणस्तरीय विद्यालय सञ्चालन गरिने । | शिशु शिक्षालय, पुस्तकालय, प्राविधिक स्कुल र कलेजहरू स्थापनाका साथै स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी निःशुल्क रुपमा गुणस्तरीय शिक्षा प्रदान गरिने । |
| सीप- आयआर्जन / जीविकोपार्जन) | • प्रस्तरकला, मूर्तिकला, हस्तकला, चित्रकला, काष्ठकला प्रवर्द्धन गरिने ।<br>• स्थानीय परम्परागत सीप प्रवर्द्धन गरिने । | स्थानीय परम्परागत सीपहरूको प्रवर्द्धन गरिने । |
| पर्यटन - आर्थिक | • प्रत्येक घरका पसल कवल सञ्चालन गरिने ।<br>• गुठी भवनहरूमा सङ्ग्रहालय सञ्चालन गरिने ।<br>• सूचना केन्द्र र टिकट काउन्टर सञ्चालन गरिने ।<br>• होमस्टे सञ्चालन गरिने । | आर्थिक आत्मनिर्भरता बढाउन प्रत्येक घरका पसलकवलहरू सञ्चालनका साथै पर्यटकीय स्थलहरूमा होमस्टे, सूचना केन्द्र र टिकट काउन्टर आदि सञ्चालनमा जोड दिने । |
| कृषि | • स्थानीय बिउबिजन सङ्कलन, संरक्षण तथा वितरण केन्द्र स्थापना गरिने ।<br>• कृषि सामाग्री सङ्ग्रहालय सञ्चालन गरिने ।<br>• कृषिउपज चिस्यान केन्द्र निर्माण गरिने ।<br>• जडीबुटी खेती प्रवर्द्धन र प्रशोधन गरिने ।<br>• कृषिलाई व्यावसायिकरण र आधुनिकीकरण गरिने ।<br>• कृषिमा मानवीय संसाधन विकास गरिने ।<br>• आधुनिक पशुपन्छीपालन गरिने ।<br>• पुष्पखेती, माहुरीपालन, माछापालन गरिने ।<br>• कृषिजन्य उत्पादन बिक्री केन्द्र निर्माण गरिने । | दक्ष जनशक्ति उत्पादन गरी स्थानीय बिउबिजन संरक्षण गर्दै जडिबुटी र पुष्पखेतीका साथै आधुनिक पशुपन्छी, मौरी र माछापालनलाई जोड दिँदै कृषिलाई व्यापारीकरण र आधुनिकीकरण गरिने । |
| विपद् व्यवस्थापन / न्यूनीकरण | • विपद् /जोखिममुक्त स्थानहरूको पहिचान गरी नक्साङ्कन गरिने ।<br>• उद्धार समूह र उपकरणहरूको व्यवस्था गरिने ।<br>• विपद्मुक्त सामुदायिक भवनहरूको निर्माण गरिने । | जोखिममुक्त स्थानहरूको नक्साङ्कन गर्दै विपद्रहित सामुदायिक भवनहरूको निर्माण र आवश्यक जनशक्ति र सामाग्री तयार गरिने । |

| विषय क्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| सूचना तथा संचार | • इ-पुस्तकालाय सञ्चालन गरिने ।<br>• घरघरमा सरल र सुलभ इन्टरनेट सुविधा दिइने ।<br>• स्थानीय निकायको आफ्नै Apps र webpage निर्माण गरिने ।<br>• स्थानीय निकायमा कागजरहित (paperless) गरी डिजिटल प्रविधि प्रयोगमा ल्याइने ।<br>• अपराधिक घटनालाई न्यूनीकरण गर्न सि.सि टिभी क्यामेराको व्यवस्था गरिने । | प्रत्येक घर र स्थानीय निकायमा सर्वसुलभ इन्टरनेटको पहुँच दिई डिजिटलाइज्ड प्रविधिको प्रयोग र प्रवर्द्धन र सुरक्षाका लागि सि.सि टिभी क्यामेराको व्यवस्था गरिने । |
| वातावरण तथा सरसफाइ | • मौलिक खोकना बस्तीभित्र तोकिएको समयमा मात्र यातायातका साधन सञ्चालन गरिने ।<br>• प्लास्टिकजन्य वस्तुहरूलाई निरुत्साहन गरिने ।<br>• घर-घरबाटै फोहोरहरू अलग्याउने व्यवस्था गरिने ।<br>• फोहोरहरूको प्रशोधन गरी जैविक मल उत्पादन गरिने ।<br>• ढल व्यवस्थापन गरी प्रशोधन गर्ने युनिट स्थापना गरिने ।<br>• घरघरमा हरियाली प्रवर्द्धन गरिने । | फोहोर व्यवस्थापनका लागि प्लास्टिकजन्य वस्तुलाई निरुत्सहित गर्दै जैविक मल उत्पादन र ढल व्यवस्थापन गरी घर घरमा हरियाली प्रवर्द्धन गरिने । |
| खानेपानी तथा बिजुली | • घरघरमा स्वच्छ खानेपानीको सुविधा दिइने<br>• खानेपानीका मुहानहरू पहिचान गरी उचित प्रयोग गरिने ।<br>• आकाशेपानी सङ्कलन गरी सम्मुचित प्रयोग गर्न प्रोत्साहन गरिने ।<br>• बिजुलीका तारलाई भूमिगत व्यवस्थापन गरिने ।<br>• सडकमा सडकमा बत्तीको व्यवस्था गरिने ।<br>• विद्युतीय चुलो प्रवर्द्धन गरिने । | खानेपानीको मुहान पहिचान र आकासेपानी सङ्कलनलाई प्रोत्साहन गरी घर-घरमा स्वच्छ पानीको सुविधा, साथै बिजुलीका तारलाई भूमिगत गरी सडकमा बत्ती राख्ने र बिद्युतीय चुलो प्रवर्द्धन गरिने । |
| संस्थागत संरचना | • सम्बन्धित विज्ञहरूको सहभागीता सहित सामाजिक विकास समिति गठन गरिने ।<br>• परम्परागत संस्थाहरू (गुठी) को समिति सबलीकरण गर्दै प्रोत्साहन र प्रवर्द्धन गरिने । | परम्परागत संस्थाहरूको (गुठी) समिति सबलीकरण र विज्ञहरूसहित सामाजिक विकास समिति गठन गरिने । |

| विषय क्षेत्र (Themes) | सूचकहरू (Indicators) | विषयगत दूरदृष्टि (Thematic Vision Statements) |
|---|---|---|
| भौतिक पूर्वाधार | • मौलिक खोकनाको घुम्ती बाटो (चक्रपथ-१) सम्पन्न गरी क्रमशः आधुनिक खोकनामा समेत चक्रपथ-२ र चक्रपथ -३ निर्माण गरिने ।<br>• कीर्तिपुर- खोकना र दक्षिणकाली न.पा. - खोकना जोड्ने पक्की पुलहरू निर्माण गरिने ।<br>• शिकाली- चम्पादेवी र बा:खा:- च्वयलच्व: केबलकार निर्माण तथा सञ्चालन गरिने ।<br>• वाग्मती नदी कटान रोकथाम एवं खोकना सीमाङ्कन गरी कोरिडोर निर्माण गरिने ।<br>• शिकाली चौरलाई धार्मिक पर्यटन स्थलका रूपमा सञ्चालन गर्न आधुनिक पार्किङ घर र बसपार्क निर्माण गरिने ।<br>• तार लँ, द्यो लँ, स्युलँ सडक निर्माण गरिने । | खोकनालाई व्यवस्थित गर्न भौतिक पूर्वाधारहरू जस्तै: सडकहरू र चक्रपथहरू र छिमेकी नगरपालिकाहरूसँग जोड्न पक्कीपुल र केबलकारहरू निर्माण साथै वाग्मती कोरिडोर निर्माण गर्दै शिकाली चौरलाई धार्मिक पर्यटकीय गन्तव्यको रूपमा स्थापित गरिने । |
| स्वशासन | • खोकनालाई स्वशासित क्षेत्र घोषणा गरिने ।<br>• भू-उपयोग नीति तयार गरी लागु गरिने ।<br>• मौलिक घरहरूको निर्माण गरिने ।<br>• कर छुटको व्यवस्था गरिने ।<br>• मौलिक खोकनाका घरहरूको बेचविखनमा विशेष नीति निर्माण गरिने । | मौलिक घर नमुना निर्माण साथै बेचबिखनका नीति नियम, कर छुट, भू-उपयोग नीति आदि लागु गरी खोकनालाई स्वशासित क्षेत्र घोषणा गरिने । |
| सिँचाइ | • खोकनामा राजकुलोलाई पक्की निर्माण गरी निरन्तर पानी सञ्चालन गरिने ।<br>• वाग्मती नदीबाट पानी तानी सिँचाइको व्यवस्था गरिने ।<br>• कृषि प्रयोजनका लागि इनारहरूको व्यवस्था गरिने ।<br>• सौर्य ऊर्जाबाट सञ्चालित बोरिङ सिँचाइ प्रवर्द्धन गरिने । | सिँचाइका लागि राजकुलो, इनारहरूको व्यवस्था साथै, बाग्मती नदीबाट पानी तान्ने र सौर्य ऊर्जाबाट सञ्चालित बोरिङ प्रविधिको प्रयोग र प्रवर्द्धन गरिने । |

## समूह छलफलका केही प्रतिनिधिमूलक फोटोहरू









## कार्यशाला गोष्ठीका केही फोटोहरू










# अनुसूची ५: कार्यशाला गोष्ठिका सहभागीहरू

| क.सं | नाम | लिङ्ग | संस्था/ठेगाना |
|---|---|---|---|
| १ | रबिन्द्र महर्जन | पुरुष | अध्यक्ष, २१ नं. वडा कार्यालय, खोकना |
| २ | श्याम महर्जन | पुरुष | वडा सदस्य, खोकना |
| ३ | ज्ञान भक्त डंगोल | पुरुष | वडा सदस्य, खोकना |
| ४ | हेलेन शोभा महर्जन | महिला | वडा सदस्य, खोकना |
| ५ | सुरेन्द्र थापा मगर | पुरुष | वडा सचिव, खोकना |
| ६ | सिद्धिजन बज्राचार्य | पुरुष | वडा ईन्जिनियर, खोकना |
| ७ | गंगालाल डंगोल | पुरुष | वडा विपद् व्यवस्थापन समिति, खोकना |
| ८ | वर्षा खड्गी | महिला | वडा विपद् व्यवस्थापन समिति, खोकना |
| ९ | भुवन बहादुर रायमाझी | पुरुष | वडा विपद् व्यवस्थापन समिति, खोकना |
| १० | सुसन कुस्ले | पुरुष | वडा विपद् व्यवस्थापन समिति, खोकना |
| ११ | ज्ञानेन्द्र महर्जन | पुरुष | वडा विपद् व्यवस्थापन समिति, खोकना |
| १२ | अस्तेन्द्र महर्जन | पुरुष | वडा विपद् व्यवस्थापन समिति, खोकना |
| १३ | राजन डंगोल | पुरुष | वडा विपद् व्यवस्थापन समिति, खोकना |
| १४ | मनोज कुमार महर्जन | पुरुष | वडा विपद् व्यवस्थापन समिति, खोकना |

| क.सं | नाम | लिङ्ग | संस्था/ठेगाना |
|---|---|---|---|
| १५ | नरेन्द्र राज डंगोल | पुरुष | खोकना |
| १६ | चन्द्र शोभा डंगोल | महिला | खोकना |
| १७ | निशा साही | महिला | खोकना |
| १८ | जयराम डंगोल | पुरुष | खोकना |
| १९ | रत्न देबी महर्जन | महिला | खोकना |
| २० | सन्तोष लिम्बु | पुरुष | खोकना |
| २१ | जयराम महर्जन | पुरुष | खोकना |
| २२ | बुद्धि रत्न डंगोल | पुरुष | खोकना |
| २३ | लक्ष्मी नानी महर्जन | महिला | सानो खोकना |
| २४ | दिपक महर्जन | पुरुष | सानो खोकना |
| २५ | प्रभुलाल चौधरी | पुरुष | सानो खोकना |
| २६ | प्रदिप महर्जन | पुरुष | खोकना |
| २७ | सुर्यमान महर्जन | पुरुष | सानो खोकना |



ललितपुर महानगरपालिका
वडा नं. २१, खोकना

SiAS
साउथएशिया इन्स्टिच्यूट अफ एड्भान्स्ड स्टडिज (सियास)
मिनभवन, काठमाडौं, नेपाल
website: www.sias-southasia.org

Tomorrow's CITIES
Urban Risk in Transition

GCRF

UK Research and Innovation